
# लेखापरीक्षण प्रतिवेदन

# ऐरावती गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## ऐरावती गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/419

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्ष ज्यू,
ऐरावती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
प्युठान।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानिय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तिय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९ करोड ७९ लाख ५४ हजार र एकिकृत स्वास्थ्य क्षेत्र कार्यक्रमको रु. ९ करोड ३५ लाख २३ हजार समेत गरी रु. १९ करोड १४ लाख ७७ हजार समावेश गरेको छैन।

२. पालिकाको रु. १ अरब २१ करोड ४३ लाख ५१ हजार लेखापरीक्षण गरिएकोमा रू. ५ करोड ८३ लाख ३० हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१ करोड १३ लाख ६८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु.४ करोड ६९ लाख ६२ हजार मध्ये असुल गर्नुपर्ने रू. २९ लाख ४८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने

रू. ७ लाख ७४ हजार र नियमित गर्नुपर्ने रु.४ करोड ३२ लाख ४० हजार रहेको छ।गत वर्षसम्म रु. ७ करोड ४७ लाख बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १२ करोड १६ लाख ६२ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाको आ.व. ०८०/८१ मा वित्तीय विवरणमा समावेश हुनु पर्नेमा अन्नतर सरकारी हस्तान्तरण तर्फको निकासा खर्च समावेश नगरेकोले, वित्तीय विवरणमा हिसाब फरक परेको, लेखानीति तथा टिप्पणीमा खुलासा गर्नुपर्नेमा सम्पत्ति तर्फको खुलासा नगरेको अवस्था रहेको छ ।लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने ऐरावती पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी ऐरावती गाउँपालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| १२९ | १४५ | ५८३३० | ० | ५९ | ११३६८ | ० | १२९ | ८६ | ४६९६२ | २९४८ | ४३२४० | ७७४ | ० | ० | ४४०१५ | ० |

अद्यावधिक बेरुजू स्थिति (रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| प्यूठान | ९६७३२ | ० | २२०३२ | ७४७०० | ० | ४६९६२ | १२१६६२ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ७२.१ | सौर्य बत्ती जडान | ७९५५०० |
| २ | २०८०/८१ | ७७ | सामान दाखिला नभएको | ९९८६४ |
| ३ | २०८०/८१ | ४९ | विद्यालयलाई पुस्तकालय व्यवस्थापन | १३००००० |
| ४ | २०८०/८१ | ४३.४ | दिवा खाजा | ६३८६४० |
| ५ | २०८०/८१ | ४५ | थप पाठ्यपुस्तक वितरण | ११५०७८ |
| ६ | २०८०/८१ | ६४ | कार्यक्रम बाहिरको खर्च | २६००५८ |
| ७ | २०८०/८१ | ५६.८ | ऐरावती कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) | ८६१३६ |
| ८ | २०८०/८१ | ७३.४ | १५ शैया अस्पताल | ८०२३७९१ |
| ९ | २०७९/८० | ६६ | फरक सिमेन्टको प्रयोग | २६४४२० |
| १० | २०७९/८० | २१ | गै.स.स. मार्फत कार्यक्रम | ४७४३९२ |
| ११ | २०७९/८० | २८ | गाडी भाडा | १०८०००० |
| १२ | २०७८/७९ | २२ | बढी भुक्तानी | ३१५६९ |
| १३ | २०७८/७९ | ३८ | पेश्की वाँकी | १५०००० |
| १४ | २०७८/७९ | २६ | ननफाइलर | ११३२१७१ |
| १५ | २०७८/७९ | २४ | उपभोक्ता समितिवाट भएको कार्य | १८०००००० |
| १६ | २०७८/७९ | १६ | अग्रिम आयकर | १२९२५३ |
| १७ | २०७७/७८ | ३८.१ | स्वकीय सचिव र सल्लाहकार | १९७४०० |
| १८ | २०७७/७८ | ४९.१ | प्रदेश अनुदान: चालु | ६५६१ |
| १९ | २०८०/८१ | २० | शसर्त अनुदान फिर्ता | ४९२५० |
| २० | २०७९/८० | ५ | संगठन तथा कर्मचारी व्यवस्थापन- यसमा देहायका व्यहोरा देखिएका छन् । | ५६६४९० |
| **जम्मा** | | | | **३३४००५७४** |

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
| --- | --- |
| विगतको लेखापरीक्षण वक्यौता नरहेको | |

# (८०५५५५०१३०० - ऐरावती गाउँपालिका, प्युठान )

## परिचय

१ **परीचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थीक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थीक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतितपत्र गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२२ देखि २०८०।५।२५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतितपत्रमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतितपत्रमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** यस ऐरावति गाउँपालिकाको आय - व्यय तर्फ रु.१ अर्व २१ करोड ४३ लाख ५१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ **वित्तिय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन ( बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ८,६१,४०,४४४.७० | ० | ८,६१,४०,४४४.७० | ७,९५,६४,३१८.१० | ० | ७,९५,६४,३१८.१० |
| १३००० | अनुदान | | २९,७१,७४,६१३.०० | ० | २९,७१,७४,६१३.०० | ३४,८४,१४,७८१.०० | ० | ३४,८४,१४,७८१.०० |
| १४००० | अन्य राजस्व | | ६२,०८,०९८.१९ | ० | ६२,०८,०९८.१९ | ५८,०७,०५८.९८ | ० | ५८,०७,०५८.९८ |
| १५००० | विविध प्राप्ति | | ७९,९००.०० | ० | ७९,९००.०० | २६,४६७.०० | ० | २६,४६७.०० |
| क | कुल जम्मा प्राप्ति | | ३८,९६,०३,०५५.८९ | | ३८,९६,०३,०५५.८९ | ४३,३८,१२,६२५.०८ | | ४३,३८,१२,६२५.०८ |
| ३ | चालु | | २८,९६,८८,९८०.०० | ० | २८,९६,८८,९८०.०० | २९,६१,६७,९१६.०० | ० | २९,६१,६७,९१६.०० |
| २१००० | पारिश्रमिक / सुविधा | | १६,२८,०८,४४६.०० | ० | १६,२८,०८,४४६.०० | १५,२५,३५,२६२.०० | ० | १५,२५,३५,२६२.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ९,८४,७८,०५४.०० | ० | ९,८४,७८,०५४.०० | ९,३८,४६,६६२.०० | ० | ९,३८,४६,६६२.०० |
| २५००० | सहायता ( **Subsidy** ) | | ४५,२६,२२१.०० | ० | ४५,२६,२२१.०० | ४,६७,८६,९८६.०० | ० | ४,६७,८६,९८६.०० |
| २६००० | अनुदान | | २,१६,३१,०९८.०० | ० | २,१६,३१,०९८.०० | ० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | | ० | ० | ० | ५,४५,१५६.०० | ० | ५,४५,१५६.०० |
| २८००० | अन्य खर्च | | २२,४५,१६१.०० | ० | २२,४५,१६१.०० | २४,५३,८५०.०० | ० | २४,५३,८५०.०० |
| ४ | पूंजीगत | | १४,१५,७०,२४८.०० | ० | १४,१५,७०,२४८.०० | १४,७४,६७,३१७.८६ | ० | १४,७४,६७,३१७.८६ |
| ३१११० | भवन तथा संरचना | | १,४५,०६,३८४.०० | ० | १,४५,०६,३८४.०० | १,६४,९०,२८६.०० | ० | १,६४,९०,२८६.०० |
| ३११२० | सवारी साधन , मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स | | २९,४८,३३७.०० | ० | २९,४८,३३७.०० | ४४,७०,०९३.०० | ० | ४४,७०,०९३.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ० | ० | ० | १५,३१,३००.०० | ० | १५,३१,३००.०० |
| ३११४० | सुरक्षा उपकरण | | ५,१४,०८१.०० | ० | ५,१४,०८१.०० | ० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | | १२,२४,४५,४४६.०० | ० | १२,२४,४५,४४६.०० | १२,३०,१९,७४८.८६ | ० | १२,३०,१९,७४८.८६ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ११,५६,०००.०० | ० | ११,५६,०००.०० | ११,५९,८२०.०० | ० | ११,५९,८२०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ० | ० | ० | ७,९६,०७०.०० | ० | ७,९६,०७०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | वित्तीय | | ० | ० | ० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ४३,१२,५९,२२८.०० | | ४३,१२,५९,२२८.०० | ४४,३६,३५,२३३.८६ | | ४४,३६,३५,२३३.८६ |
| ग) | बचत/कमी (ग = क-ख ) | | (४,१६,५६,१७२.११) | | (४,१६,५६,१७२.११) | (९८,२२,६०८.७८) | | (९८,२२,६०८.७८) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दात | | १,०५,३४,२९६.९८ | | १,०५,३४,२९६.९८ | १२,१४,७४८.०० | | १२,१४,७४८.०० |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात | | (३,११,२१,८७५.१३) | | (३,११,२१,८७५.१३) | (८६,०७,८६०.७८) | | (८६,०७,८६०.७८) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ५,८५,९०,९०७.५७ | | ५,८५,९०,९०७.५७ | ६,७१,९८,७६८.३५ | | ६,७१,९८,७६८.३५ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात | | २,७४,६९,०३२.४४ | | २,७४,६९,०३२.४४ | ५,८५,९०,९०७.५७ | | ५,८५,९०,९०७.५ |

संघीय सरकार र प्रदेश सरकार तर्फको **C-GAS**मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

| सि. नं | आयतर्फ | | | सि. नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ९७९५४००८ | ९७९५४००८ | १ | सामाजिक सुरक्षा तथा संरक्षण | ९७९५४००८ | ९७९५४००८ |
| २ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ९३५२३३७२ | ९३५२३३७२ | २ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ९३५२३३७२ | ९३५२३३७२ |
| | जम्मा | १९१४७७३८० | १९१४७७३८० | | जम्मा | १९१४७७३८० | १९१४७७३८० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थीक कारोवार लेखाङ्कन गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९७९५४००८।- र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ९३५२३३७२।- समेत गरी

रु.१९१४७७३८०।- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थीक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

४ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।०३।०७ मा रु.४९ करोड ६लाख ८५ हजार को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।०७ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान दिनुपर्दछ ।

५ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

६ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिती गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ८००००००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।०८१ मा रु. ५७४८४८२।७१ अर्थात अनुमान भन्दा २८ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

९ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितीले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिती देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २०८४३४८६३ | ५७४८४८२।७१ | २.७६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.७६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१० **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकिकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिती निम्नानुसार रहेको देखिन्छ ।

| | | | |
|---|---|---|---|
| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | आम्दानी |
| १ | ३ | ४ | ७ |
| १ | सम्पती कर | ८०,००,०००.०० | ३,२९,८४०.८४ |
| २ | भुमिकर/मालपोत | ०.०० | १७,०७,१६४.२१ |
| ३ | वहाल कर | ०.०० | १,१९,८६२.०० |
| ४ | व्यवसायले भुक्तानी गर्ने | ०.०० | १८,३७६.०० |
| ५ | अखेटोपहारमा लाग्ने कर | ०.०० | १,०००.०० |
| ६ | अन्य कर | ०.०० | ४,४४,२५५.०० |
| ७ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ०.०० | ३,०००.०० |
| ८ | अन्य बिक्रीबाट प्राप्त रकम | ०.०० | १,३४,९००.०० |
| ९ | अन्य सेवा शुल्क तथा बिक्री | ०.०० | ४,७४६.६० |
| १० | न्यायिक दस्तूर | ०.०० | २,१००.०० |
| ११ | परीक्षा शुल्क | ०.०० | ३२,७५०.०० |
| १२ | अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | १००.०० |
| १३ | नक्सापास दस्तुर | ०.०० | २००.०० |
| १४ | सिफारिश दस्तुर | ०.०० | १४,१४,२२४.०० |
| १५ | व्यक्तिगत घटना दर्ता दस्तुर | ०.०० | ३,६९,७१०.०० |
| १६ | नाता प्रमाणित दस्तुर | ०.०० | ७५,०१०.०० |
| १७ | अन्य दस्तुर | ०.०० | १,९७,३००.६२ |
| १८ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | २२,९७५.०० |
| १९ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ०.०० | १.०० |
| २० | अन्य क्षेत्रको आय | ०.०० | ६,८१,२३९.४४ |
| २१ | अन्य राजस्व | ०.०० | १,२७,०६२.०० |
| २२ | व्यवसाय कर | ०.०० | ५,६४,५१८.०० |
| २३ | बेरूजू | ०.०० | ७९,९००.०० |
| जम्मा | | ८०,००,०००.०० | ५७४४६१०.७१ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

११ **खर्च वृद्धि**

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले व्यवस्थापकिय खर्चमा हुने कारणले वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

| सि.नं. | खर्च शिर्षक | २०७९।८० को खर्च | २०८०।८१ को खर्च | वृद्धिको कारण |
|---|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | ९८६७०१४।०० | ९९३६६३०।०० | सामुदायिक स्वास्थ्य इकाईको रिक्त पदपुर्ति । |
| २ | वैठक भत्ता | १५८९५००।०० | १६१९०००।०० | अगिल्लो आ.व.मा न्यायिक समितिको बैठक भत्ता भुक्तानी नगरिएको । |
| ३ | जलपान/ विविध खर्च (परिक्षा संचालन तथा अन्य खर्च बाहेक) | १११८३५०।०० | ९९९६२०।०० | |
| ४ | इन्धन | १६६८३२७।०० | १९७०८७१।०० | इन्धन सुविधा प्राप्त गर्ने कर्मचारीको संख्यामा बृद्धि । |
| ५ | मसलन्द | १९१४९०८।०० | १५९२७३८।०० | |

## १२ राजस्व असुली

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छ । पछिल्ला बर्षहरुमा राजश्वमा बृद्धि हुनुपर्नेमा झन कम हुदै गएको देखिन्छ । बिज्ञापन कर असूल हुने गरेको नदेखिएको, नक्सापास दस्तुर समयसान्दर्भिक नभएको देखिएकोले राजश्वको क्षेत्र तथा दायरा फराकिलो बनाउनुपर्ने तथा पालिकाले राजश्व कम असूली हुनुको कारण पहिचान गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | राजश्वको नाम | २०७९।८० को असूली | २०८०।८१ को असूली | वढि/घटी |
|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व | ६०१७१४४.६५ | ५७४४६१०.७१ | २७२५३३.९४ |

## १३ योजनाको प्राथमिकीकरण

१३.१ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल ३२१ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ८१ | ५ | २४ | ५२ |
| २. | वडा स्तरीय | २४० | ० | ० | २४० |

१३.२

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २९७ योजनामात्र कार्यान्वियन भई २४ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१४ **अबन्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. ४३०९३६००।- अबण्डा बजेट व्यवस्था गरी ४ योजनामा रु.१९०५२५३९।-खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णय बाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन, तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

१५ **योजना तथा वजेट कार्यान्वियन**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.१४करोड १५लाख ७० हजार भएकोमा प्रथम त्रैमासिकमा रु. ३३ लाख ४८ हजार, दोश्रो त्रैमासिकमा रु.१ करोड ७७ लाख ५६ हजार, तेस्रो त्रैमासिकमा रु. ४ करोड ६२ लाख ३० हजार, चौथो त्रैमासिकमा रु. ७ करोड ४२ लाख ३४ हजार र असार महिनामा मात्रै रु. ५करोड २७ लाख २२ हजार भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.३५ करोड ७ लाख २० हजारको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वियनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ।

१६ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।०८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३८८१८००० | ३१७८२५५३ | ७.३७ |
| २ | पूर्वाधार विकास | ८११४०३३५ | ६७६२७३३४ | १५.६८ |
| ३ | सामाजिक विकास | २७४७९४६६५ | २४३७९४३२१ | ५६.५३ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १०८००००० | ७५१५८२१ | १.७४ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ९२४१०७२६ | ८०५३९१८९ | १८.६८ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५६.५३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दाघटीमा १.७४ प्रतिशत रहेको छ ।

१७ **खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरिक आयबाट रु ५७४४६१०.७१ राजस्व बाँडफाँड र अनुदानबाट रु समेत रु ४१४७०४७०८।१८ आम्दानी भएकोमा चालु तर्फ रु २६३४२१४१९ र पूँजिगत तर्फ रु ११८०७२३७२ समेत रु ३८१६९३७९१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ६८२४०००। खर्च भएको छ जुन आन्तरिक आयको ११८.७८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.०७प्रतिशत चालु र ३०.९३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१८ **लक्ष्य प्रगती**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकिय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ३२१ | २ | ५ | १० | ३०४ |

१९ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.स | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिकमा खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिकमा | दोस्रो त्रैमासिकमा | तेश्रो त्रैमासिकमा | | आषाढ महिना |
| | पूँजिगत खर्चतर्फ | १४१५७०२४८ | ३६९८३३९ | ४४३९२५२० | ९३४७९३८९ | | ५२७२२९४३ |
| | प्रतिशत | १०० | २.६१ | ३१.३६ | ६६.०३ | | ३७.२४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१४१५७०२४८।-खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.३६९८३३९।-(२.६१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.४४३९२५२०।-(३१.३६ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.९३४७९३८९।-(६६.०३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५२७२२९४३।-(३७.२४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२० **शसर्त अनुदान फिर्ता**

( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **४९,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२१ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.११६५८७१।-आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२२ **मालसामानको गुणस्तर**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

२३ **आन्तरीक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम रु.२३ लाख ५१ हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय/व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत १९ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१६लाख २६ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च

गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.१३लाख ७१हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २४ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

## २५ कर्मचारी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दी वेगरका देहायका पदमा निम्नानुसार कर्मचारी नियुक्ति गरी वित्तिय समानिकरणबाट तलव भत्ता भुक्तानी गरेको पाइयो । दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन । जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलव्धिमा समेत नकारात्मक असर पर्दछ । स्वीकृत दरबन्दी बेगर पदमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

| पदको नाम | स्वीकृत दरवन्दी | पदपूर्ति | दरबन्दी भन्दा बढी पदपूर्ति |
|---|---|---|---|
| अ.हे.ब | १२ | १६ | ४ |
| अ.न.मि | १२ | १४ | २ |
| अमिन | ० | १ | १ |

| | |
|---|---|
| अनियमित भएको | २१,९१,५८९ |

## २६ वडाको पदपूर्ती

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिव लगायतको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । पालिकाबाट हुने अत्यावश्यक कार्यहरू यसरी रिक्त हुँदा कार्यसम्पादनमा असरपर्ने हुँदा पदहरुको यथाशिघ्र पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडाको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|
| ६ | सहायक पाँचौ प्रशासन | २ | ० |
| | सहायक चौथौं प्रशासन | ४ | ३ काज सरुवा |
| | सव-ईन्जिनियर | २ | २ |
| | अ. सव-ईन्जिनियर | ४ | २ जना करार |

## २७ जिन्सी व्यस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छन् :-

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाईएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## २८ ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री

२८.१ ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ अनुसार स्थानीय तहहरुलाई ढुंगा गिट्टी बालुवा जस्ता निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरुतसाहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट उठ्ने राजश्व संकलन व्यवस्थित रुपमा गर्न उल्लेख भएकोमा अनुसूचि १ मा चेकलिस्ट अनुसार नदिको वातावरणीय अवस्था अध्ययन तथा निरीक्षण गर्ने, २(क) मा वातावरणीय अध्ययनको आधारमा उत्खन्न परिमाण, सेवा शुल्क र मू.अ.कर बाहेक न्यूनतम बोलपत्र रकम खुलाई बोलपत्र आह्वान गर्ने, अनुसूचि २(ख) बमोजिम मू.अ.कर बाहेकको रकम तथा मू.अ.कर समेत खुलाई किस्ता रकम खुलाई ठेक्का सम्झौता गर्नुपर्ने, अनुसूचि ३ अनुसार पटके प्रवेश आदेश दिनुपर्ने, अनुसूचि ४(क) बमोजिम उत्खन्नकर्ताले दैनिक उत्खन्न अभिलेख राख्नुपर्ने, ४(ख) बमोजिम दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरिज राख्नु पर्ने र अनुसूचि ५ बमोजिम चेक्लिस्ट बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्ने उल्लेख छ ।त्यसै गरि लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ कार्यान्विय सम्बन्धी परिपत्रमा समेत वातावरणीय अध्ययन गर्ने, कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्यी व्यवस्थापन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने उल्लेख गरिएकोमा पालिकाले सो अनुसार गरेको पाईएन । नदिजन्य पदार्थ उत्खन्नका लागि पटके प्रवेश आदेश लिनुपर्नेमा लिएको देखिएन । साथै दैनिक खरिद विक्री तथा उत्खन्न अभिलेख समेत राखेको पाईएन । पालिकाबाट प्रमाणित नगदी रसिद ठेली प्रयोग गर्न ठेकेदारलाई दिईएकोमा सोको अभिलेख नराखेको तथा उक्त रसिदको प्रयोग तथा ठेली मौजदात तथा सोबाट के कति विक्री गरी राजश्व उठेको सम्बन्धमा विवरण पेश नगरेकोले यथार्थमा उत्खन्न तथा विक्री भएको परिमाण सम्बन्धमा विश्वस्त हुन सकिएन । पालिकाले यस सम्बन्धमा नदि जन्य पदार्थ उत्खन्न तथा विक्री सम्बन्धि कानुनी प्रावधान तथा व्यवस्थाको पालना गरी नदी जन्य पदार्थ उत्खन्न, विक्री तथा संरक्षण सम्बन्धमा जिम्मेवार भई ध्यान दिनुपर्ने देखिन्छ ।

२८.२

यस पालिकाको अद्यावधिक वातावरणीय प्रतिवेदनमा उत्खन्न गर्न सकिने परिमाण २५१७९३ घन फिट रहेको छ । लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ बमोजिम रु ६ प्रति घन फिटका दरले रु १५१०७५८।- मूअकर बाहेकमा पहिलोपटक २०८०।५।२४ मा सिलबन्दी दरभाउ पत्र मार्फत सुचना प्रकाशना गरेकोकमा कुनै पनि दरभाउपत्र नपरेको कारण पुन दोश्रो पटक २०८०।०६।१० मा मा सिलबन्दी दरभाउ मार्फत सुचना आह्वान गरेकोमा एक जनाको दरभाउ पत्र परेको देखियो । दोश्रो पटको सुचना अनुसार ओम ज्ञानी निर्माण सेवाले मात्र दरभाउत्र खरिद तथा पेश गरेकोले पुन तेस्रो पटक २०८०।०६।१७ मा सिलबन्दी दरभाउ पत्र मार्फत सुचना प्रकाशन गर्दा समेत कुनै पनि दरभाउपत्र नपरेकोले नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को वुदा नं. ७ को ७,८,९ बमोजिम अघिल्लो सुचना अनुसार पेश भएको ओम ज्ञानी निर्माण सेवाको दरभाउपत्र खोलि २०८०।०७।१२ मा सोहि ओम ज्ञानी निर्माण सेवाको बोल कबोल अंक VAT सहित रु १७०७१५८ स्वीकृत गरेको पाइयो । अद्यावधिक वातावरणीय प्रतिवेदन र बोलपत्र सूचना अनुसार मूअकर बाहेक रु १५१०७५८।०० मा मूअकर सहित जोडि रु १७०७१५६।०० मध्ये पालिकाले ६० % रकम पालिकाको स्थानीय विभाज्य कोष खातामा र ४० % ले हुन आउने रकम प्रदेश विभाज्य कोष खातामा बाँडफाड समेत गरि VAT बापत हुन आउने रकम १९६३९८ समेत राजस्व खातामा दाखिला गरेको देखिन्छ।यस सम्बन्धमा देखिएका थप व्यहोरा देहाय अनुसार रहेका छन् ।

२८.३ **ठेक्काको विवरण-** निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।

२८.४ **अनुगमन-**ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ अनुसार उपरोक्त व्यवस्था बमोजिम उत्ख्नन्न कार्य व्यवस्थित गर्नुपर्नेमा पटके प्रवेश आदेश नलिएको , दैनिक उत्खन्न अभिलेख तथा दैनिक पटके विक्री तथा ढुवानी अभिलेख नराखेको, घाट गद्धी व्यवस्थापन नगरेको र अनुगमन समेत नभएकोमा ढुंगा गिट्टी उत्ख्न्न कार्य तोकिएको परिमाण भित्र नै भएको तथा स्रोत दोहन नभएको भन्न सकिने अवस्था छैन । यस सम्बन्धमा पालिकाले जिम्मेवारी लिई व्यवस्थापन तथा नियन्त्रणमा ध्यान दिनु पर्दछ ।

## २९ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको ८ गरी कुल १० विवाद दर्ता भएकोमा ८ वटा मात्र फर्स्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ३० कानून संचालन र स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म वटा ९ वटा ऐन, ३ वटा नियमावली, २४ कार्यविधि लगायत ४५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ४५ वटा कानूनहरु निर्माण गरि राजपत्रमा प्रकाशन गरेता पनि पुर्ण रुपमा कार्यान्वियनमा ल्याएको छैन तसर्थ कार्यान्वियनमा ल्याउनु पर्दछ ।

## ३१ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक

प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १८ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका ४ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३२ **पदाधिकारी सुविधा**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ ।

लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धीत अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरे अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष यातायात सुविधा रु २० लाख १६ हजार, टेलिफोन तथा मोवाइल रु.११ लाख १० हजार, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.१० लाख ८ हजार, समन्वय र सहजिकरणमा १७ लाख ५२ हजार अतिथि सत्कारमा रु.४ लाख २० हजार, खानेपानी तथा मर्मतमा रु. २ लाख ४० हजार र चाड पर्व खर्चमा रु ३ लाख २ हजार खर्च भुक्तानी गरेको देखियो ।

| सि नं | विवरण | प्रमुख। अध्यक्ष | उपप्रमुख। उपाध्यक्ष | वडाअध्यक्ष ६ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २० जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | यातायातखर्च | ० | १४४००० | ७२००० | ४३२००० | ७२००० | २०१६००० |
| २ | टेलिफोन,मोबाइल | ४२००० | ३६००० | २१६००० | २१६००० | ६००००० | १११०००० |
| ३ | पुस्तक,पत्रीका, ईन्टरनेट | ४८००० | ४८००० | २१६००० | २१६००० | ४८००० | १००८००० |
| ४ | समन्वयतथासहजीकरण | १२००० | ९६००० | ४३२००० | ३६०००० | ७२००० | १७२८००० |
| ५ | अतिथिसत्कार | ७२००० | ६०००० | २८८००० | ० | ० | ४२०००० |
| ६ | खानेपानी/बिजुली/सरसफाई | १२०००० | १२०००० | ० | ० | ० | २४०००० |
| ७ | चाडपर्वखर्च | १५००० | १५००० | ७२००० | ६०००० | १४०००० | ३०२००० |
| ८ | अन्यभएउल्लेखगर्ने | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ४१७००० | ५१९००० | १९४४००० | १२८४००० | २६६०००० | ६८२४००० |

३३ **खर्चमा मितव्यिता कायम गर्नुपर्ने**

३३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवश्यकता र औचित्यका आधारमा आवश्यक प्रमाण कागजात सहित मितव्ययी

तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो ।

३३.२ **भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमणमा रू. २२१५०००।-खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् -

अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

३३.३ **इन्धन खर्च-** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं. ७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलब्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नु पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ। कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.१९७००००।-र कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

३३.४ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ।त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु. १८४९०००।-खर्च गरेको छ।यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ।

३३.५ **मसलन्द तथा कार्यालय सामग्री खर्चः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष रु.१५९२०००।-तथा अन्य कार्यालय खर्च शिर्षकमा रु.४५०००।-गरी जम्मा रु.१६३२०००।-खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

३३.६ सवारी मर्मत र अन्य मूर्मत खर्च - लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।

कार्यालयले यस बर्ष मर्मत शिर्षकबाट रु.१०८६०००।-, एम्बुलेन्स मर्मतमा रु.१०००००।-तथा अन्य निर्मित साधन मर्मतमा रु.९४६०००।-गरी रु.२१३२०००।-र कन्टेन्जेन्सीबाट समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन । पालिकाले सो सम्वन्धमा ध्यान दनुपर्दछ ।

३३.७ **कन्टिन्जेन्सी खर्च अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम रु.६२८००००।- कट्टा गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। कार्यालयले पेश गरेको विवरण अनुसार कन्टिन्जेन्सी खर्च रु.२१५४७१।-गरेकोमा कुन कुन योजनामा कति खर्च गरेको छ यकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

## ३४ खरिद कारवाहि अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सो सँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्धरुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोकेअनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

## ३५ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## ३६ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## ३७ म्याद ननाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष एकिकृत स्वास्थ्य पुर्बाधार

बिकास कार्यक्रमको लागि धिसिङ बिल्डर्स प्रा.ली लाई रु.११०००००००। र दाङवाङ मा.बि भवन तथा छात्रावास निर्माणको आसीस सेती कौशिक जे. भि लाइ रु २९५९०००। गरि कुल रु १३९५९००० पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फर्स्यौट गर्नुपर्दछ ।

३८ **नमुना विद्यालय भवन निर्माण**

३८.१ यस वर्ष मोती माध्यमिक विद्यालयको भौतिक निर्माणको लागि रु १ करोड बजेट बिनियोजन भएको पाईयो।Admin Higher Secondary Block पहिलो तला निर्माणका लागि लागत अनुमान १०४२१३८१।२६ तयार गरि मिति २०८०।०७।१९ मा सुचना प्रकाशन गरि बोलपत्र आह्वान गरेको पाइयो ।१२ वटा वोलपत्र परेकोमा सबै भन्दा कम कबोल ३७.९७ प्रतिशत घटि VAT र PS Item सहित ६३४१६७९.४६ मा ओमज्ञानि निर्माण सेवाले ठेक्का सकार गरि मिति २०८०।०९।२३ मा भएको सम्झौतामा २०८०।०३।१४ भित्र सम्पन्न गर्ने उल्लेख भएको देखिन्छ । यस सम्बन्धि अन्य व्यहोरा निम्नानुसार पाइन्छ ।

३८.२ मिति २०८०।०९।२० मा Performance Guarantee रु.१४२९५७२।-राख्दा सोको अवधि निर्माण सम्पन्न हुने मितिको १३ महिना पछि मिति २०८२।०४।१४ सम्म हुनु पर्नेमा २०८१।१२।१९ सम्म मात्र भएको पाईयो । पालिकाले पुरै अवधीको कार्यसम्पादन जमानत राख्न लगाउनुपर्ने देखिन्छ ।

३८.३ कार्य स्वीकार मिति २०८१।३।१४ सम्म गो.भौ.न. ४।२०८०।११।२३ र १९।२०८१।०३।२३ मार्फत दुईवटा रनिङ्ग विलको कुल भुक्तानि ६३२७३४९ गरि निर्माण सम्पन्न भएता पनि कार्यपालिका बाट कुनै पनि निर्णय नगरि ठेक्काबाट बचत भएको रकम पालिकाले Maintainance work of moti secondary school building ठेक्का नाममा रंगरोगन तथा प्लास्टरको लागि भनि वर्षको अन्तिममा लागत अनुमान ३६४९२४०।०३ को पुन ठेक्का लागाएको पाईयो ।

३८.४ उक्त दोस्रो ठेक्कामा सबै भन्दा कम कबोल गर्ने (३७.६२% घटि) आसिका निर्माण सेवाले (VAT/ PS) बाहेक २२०४१०८।४८ मा ठेक्का सकार गरेको देखिन्छ । मिति २०८१।०१।१२ मा सम्झौता हुँदा २०८१।३।२० मा सम्पन्न गर्ने उल्लेख भएको पाईयो ।कार्य स्वीकार प्रतिवेदनले समेत तोकिएको समयमा काम सम्पन्न भएको उल्लेख भइ गो.भौ.नं. २१।२०८१।०३।२३ बाट रु २१९१३३८ भुक्तानि भएको पाइयो ।

३९ **बैरेनि गोठिबाङ्ग सडक स्तरोन्नती**

३९.१ यस बर्ष Baireni Gothibang Road upgrading and new track construction का लागि पालिका र प्रदेश बाट ४०/४० लाख गरि ८० लाख बजेट बिनियोजन भएको पाइयो ।लागत अनुमान ८०००३५७।७० तयार गरि मिति २०८०।१०।०८ मा सुचना प्रकाशन गरि बोलपत्र आह्वान गरेको पाइयो ।१२ वटा वोलपत्र परेकोमा सबै भन्दा कम कबोल ५८.६७ प्रतिशत घटि VAT र PS Item सहित ३२४१९२३।१२ मा इनशिखा कन्सट्रक्सनले ठेक्का सकार गरि मिति २०८०।१२।०५ मा भएको सम्झौतामा २०८१।०२।१५ भित्र सम्पन्न गर्ने उल्लेख भएको देखिन्छ ।प्रथम रनिङ्गको गो.भौ.नं. ८।२०८१।०१।१२ बाट रु. ११०६१७९ र दोस्रो रनिङ्ग विलको गो.भौ.नं. २२१।२०८१।०२।१८ र १०।२०८१।०२।१८ बाट कुल रु २०६६६१४।३१ भुक्तानि भइ कार्य सम्पन्न भएता पनि कार्यपालिका बाट कुनै पनि निर्णय नगरि ठेक्काबाट बचत भएको रकम बाट पालिकाले Baireni Gothibang Road Upgrading Works in Majuwa And Dhabang का लागि भनि वर्षको अन्तिममा लागत अनुमान ४७६१८०२।३७ को पुन ठेक्का लागाएको पाईयो ।

३९.२ • उक्त दोस्रो ठेक्कामा सबै भन्दा कम कवोल गर्ने इन्सिखा कन्स्ट्रकस्नले ४९.०३% घटि अर्थात रु. २३९२६८१.५३(VAT/PS सहित) मा ठेक्का सकार गरेको पाइयो । मिति २०८१।३।१५मा सम्झौता हुंदा २०८१।३।१५ सम्म सम्पन्न गर्ने उल्लेख भएको देखिन्छ । सो कार्यको २०८१।०३।११ मा कार्यस्वीकार गरि गो.भौ.नं. २०३।२०८१।०३।१४ र २०३।२०८१।०३।१४ मार्फत कुल रु २३७९४१६।-भुक्तानि भएको पाइयो ।

## ४० समानिकरण वजेटबाट शिक्षकको तलब भत्ता

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत कार्यक्रम भित्रमात्र सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । जसअनुसार साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका तथा विद्यार्थी संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ मा भएको व्यवस्था अनुसार कक्षा ६-८ तथा कक्षा ९-१० मा अंग्रेजी, विज्ञान र गणित बिषयको लागि समेत छुट्टै वजेट व्यवस्था गरी निकासा समेत दिईएको अवस्था छ । तर पालिकाले न्यून विद्यार्थी रहेका विद्यालयलाई विद्यार्थि संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ गाउँपालिकाको ध्यान जानुपर्ने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दि भित्र नपरेका र गत विगत देखि नै निजी स्रोतको रूपमा कार्यरत शिक्षकलाई प्रा.वि.तर्फ २६ जनालाई मासिक रु.१८०००।-का दरले, नि.वि तर्फ १७ जनालाई मासिक रु.२१०००।-का दरले, मा.वि तर्फ १२ जना शिक्षकलाई मासिक रु.२८०००।-का दरले र १ जनालाई रु.३५०००।-का दरले गरी बार्षिक रु.१५६८८०००।-वित्तिय समानिकरण शिर्षकबाट तलब भत्ता विद्यालयहरूको नाममा अनुदान निकासा दिएको पाईयो । यसरी स्वीकृत दरबन्दी भित्र नपरेका तथा शिक्षक विद्यार्थी अनुपात वेगर र दरवन्दि मिलान वेगर न्युन विद्यार्थी रहेको विद्यालयहरुमा समेत अनुदान खर्च लेखेको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | २,१३,३१,०९८ |

## ४१ वालविकास कर्मचारी वितरण

पालिकाकाले कार्यक्रम कार्यान्वियन पुस्तिका, ०८०।८१ अनुसार विद्यालयको विद्यार्थी संख्याको आधारमा वालविकास कर्मचारी वितरण र समायोजन हुनुपर्ने उल्लेख छ । देहायका विद्यालयहरुमा वालविकासमा उल्लेख्य विद्यार्थी संख्या नरहेको अवस्थामा समेत वालविकास कर्मचारी संख्या बढि वितरण गरेको र पारीश्रमिक भुक्तानी समेत भएको छ । यसरी भुक्तानी दिंदा आवश्यक विद्यालयहरुमा वालविकास कर्मचारी नपुग हुने र देहाय अनुसारको विद्यार्थी कम भएकोमा बढि हुने अवस्था देखियो । अतः आवश्यकता र विद्यार्थी संख्याको आधारमा वालविकास कर्मचारी वितरण हुनुपर्ने देखिन्छ ।

| क्र.सं | विद्यालय | सरकारी अनुदान वा.वि. | गा.पा.अनुदान वा.वी | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | जनता मा.वि.विजुली | २ | | १७ |
| २ | महेन्द्र मा.वि.सराङ्गवेशी | १ | | १० |
| ३ | धर्मेदय मा.वि. | १ | | १२ |
| ४ | दाङ्गबाङ्ग मा.वि. | १ | | १७ |
| ५ | मोति मा.वि. | १ | | १० |
| ६ | वाल सुधार प्रा.वि. | १ | १ | १५ |
| ७ | जनकल्याण मा.वि. | १ | १ | १२ |
| ८ | जनकल्याण नि मा.वि. | १ | १ | १२ |
| ९ | समाज कल्याण प्रा.वि. | १ | | ७ |
| १० | पाटेश्वरि प्रा.वि. | १ | | २३ |
| ११ | भुवनेश्वरी मा.वि. | २ | | ३१ |
| १२ | स्नेश्वरी प्रा.वि.बरौला | १ | | ७ |
| १३ | बालशिक्षा नि मा.वि. | ३ | | ५० |
| १४ | बालकिरण प्रा.वि. | | १ | १६ |
| १५ | जनकल्याण मा.वि. | | १ | २२ |
| १६ | शान्ती प्रा.वि. | २ | | १८ |
| १७ | बालकिरण प्रा.वि. | १ | | ११ |
| १८ | गणेश प्रा.वि. | १ | | २० |
| १९ | युवाबर्ष प्रा.वि. | १ | | १२ |
| २० | पालिसिद्धि प्रा.वि.सिर्सेनी | १ | | ७ |
| २१ | पोखराचौर प्रा.वि. | १ | | ८ |
| २२ | पालिसिद्धि प्रा.वि दाङ्गवाङ्ग | | १ | ६ |
| २३ | बालबिकास प्रा.वि.दारीमपाटा | १ | | ९ |
| २४ | सरस्वती प्रा.वि | १ | | ८ |
| २५ | जनप्रिय प्रा.वि. | २ | | २६ |
| २६ | ऐरावती प्रा.वि. | | १ | ४ |
| २७ | माण्डवी प्रा.वि. | १ | | १० |
| २८ | शिशुकल्याण आ.वि. | १ | | १६ |
| २९ | भगभति प्रा.वि. | | १ | ८ |
| ३० | बालशिक्षा प्रा.वि.कैरन | १ | | १३ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | जनता प्रा.वि.जुडाटाकुरा | १ | | ७ |
| ३२ | सूर्यमुखी प्रा.वि. | १ | | १८ |
| ३३ | जनप्रीय प्रा.वि.बासडाडा | | १ | १५ |
| ३४ | ध्रुव प्रा.वि. | | २ | ९ |
| ३५ | बालकल्याण प्रा.वि.बेल्चोक | | १ | १६ |
| ३६ | नेत्रज्योती प्रा.वि.अँधेरी | | १ | ५ |
| ३७ | जनप्रीय प्रा.वि.माझीदमार | १ | | ११ |
| ३८ | धर्मावती प्रा.वि.छेडा | १ | | ११ |
| ३९ | नवप्रतिभा प्रा.वि.हारबुङ्ग | १ | | ५ |
| **जम्मा** | | **३८** | **१३** | **५७९** |

४२ **विद्यार्थि मूल्याढ्कन तथा ग्रेड निर्धारण**

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गनिर्देशन बमोजिम विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको प्रक्रिया निर्धारण गरी विद्यालय तहको मूल्याङ्कन र प्रमाणीकरणमा सान्दर्भिकता, पारदर्शिता, वस्तुनिष्ठता र विश्वसनियता कायम गर्न वाञ्छनीय भएकाले शिक्षा नियमावली, २०५९ को नियम १९२ को (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लेटर ग्रेडिङ निर्देशिका, २०७८ तयार गरी लागु गरेकोमा विद्यालय शिक्षाको उपलव्धीलई विभिन्न ८ प्रकारमा स्तरीकृत गरेकोमा छ । सो निर्देशिका अनुसार ३५ प्रतिशत भन्दा कम उपलव्धी हाँसिल गरेको विद्यार्थिलाई स्तरीकरण गर्न नमिल्ने उल्लेख छ । पालिकासँग शैक्षिक सत्र २०८० को कक्षा ८ को परीक्षाको प्रतिफल माग गरी परीक्षण गर्दा देहाय अनुसार ३४७ विद्यार्थी मध्ये देहायका विद्यार्थिहरूलाई मात्र ग्रेड बृद्धि गरेको र अन्य विद्यार्थीहरुलाई ग्रेड बृद्धि नगरि सोहि कक्षामा राखेको देखियो । यसरी हेर्दा कक्षा ८ को औषतमा ३.२९% विद्यार्थीको परीक्षाको प्रतिफल निराशाजनक रहेको देखियो भने अन्य कक्षाको समेत उल्लेख्य नतिजा देखिएन । पालिकामा यस बर्ष ३३६ जना विद्यार्थी SEE परीक्षामा सहभागी भएकोमा धर्मोदय मा.वि. बाट १ जना र मोति मा.वि.बाट ४ गरी जम्मा ५ जना विद्यार्थी मात्र उतिर्ण भएको जनाएको छ । यसरी समग्रमा शिक्षाको पालिका भित्रको प्रतिफल निराशाजनक रहेको देखिएकोले मातहतका विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमको साथै पठनपाठनमा विषेश पहल गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| क्र.सं | बिषय | परीक्षामा सहभागी | A+ | A | B+ | B | C+ | C | D | NG | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | नेपाली | ३४७ | ० | २७ | ८६ | १५१ | ६८ | १४ | ० | १ | ०.२९ |
| 2 | अंग्रेजी | ३४७ | १ | १३ | ३८ | १५३ | ११२ | १७ | ० | १३ | ३.७५ |
| 3 | गणीत | ३४७ | १ | १ | १८ | १४६ | १३२ | १७ | ० | ३२ | ९.२२ |
| 4 | विज्ञान तथा प्रविधी | ३४७ | ३ | २ | ४९ | १२५ | १४१ | ९ | ० | १८ | ५.१९ |
| 5 | सामाजिक | ३४७ | ० | ४ | ४५ | १३३ | १३७ | १३ | ० | १५ | ४.३२ |
| 6 | स्वास्थ्य | ३४७ | ७ | २२ | ८१ | १६१ | ६७ | ७ | ० | २ | ०.५७ |
| 7 | हाम्रो ऐरावती | ३४७ | १ | ३७ | १२१ | १२२ | ५७ | ७ | ० | २ | ०.५७ |
| जम्मा | | | १३ | १०६ | ४३८ | ९९१ | ७१४ | ८४ | ० | ८३ | ३.२९ |

४३ **दिवा खाजा**

४३.१ कार्यक्रम कार्यान्वियन पुस्तिका, ०८०।८१ को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालिकाले यस बर्ष दिवा खाजाको लागी विभिन्न ४१ वटा विद्यालयहरुमा गो.भौ.३०।०८०।९।२६ बाट रु. २४८१९६०।-, गो.भौ.५७।०८०।१२।२९ बाट रु.२००००००।-गो.भौ.१२४।०८१।३।२४ बाट रु.२४१७०१०।-गरी जम्मा रु७६५१७५५।-विद्यालयहरुको खातामा निकासा दिएको पाईयो । विद्यालयहरुलाई चौमासिक रुपमा निकासा दिई सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने तथा दिवा खाजा खुवाएको अनुगमन समेत गरी पालिकाले विद्यालयहरुलाई निकासा दिनुपर्नेमा पालिकाले अनुगमन गरेको अभिलेख प्राप्त भएन । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

४३.२ विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिएको रकम विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा तथ्याङ्क संकलन गरी संख्या यकिन गरी रकमको सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्यार्थिको संख्यात्मक विवरण विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट प्रमाणित नगराई केवल प्रधानाध्यापकको मागको आधारमा निकासा दिने गरेको पाईयो । पालिकाले विद्यालयहरुको दिवा खाजाको व्यवस्थापन सम्वन्धी अनुगमन समेत नगरी प्रति विद्यार्थी दैनिक रकमले हुने एकमुष्ठ रकम सम्वन्धित विद्यालयलाई त्रैमासिक किस्तामा मात्रै निकासा गरेको पाईयो । कार्यक्रम कार्यान्वियन पुस्तिकाले तोकेको प्रकृया पुरा गरी निकासा दिने तथा सोको सदुपयोग सम्वन्धमा समेत पालिकाले ध्यान दिनु पर्दछ ।

४३.३ कार्यक्रम कार्यान्वियन पुस्तिका, ०८०।८१ को २.७.११.१ (च) मा विद्यालयले दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम

खुल्ने विवरण र विल भरपाई सुरक्षित रूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने उल्लेख छ । साथै विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने । सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्ति ले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा स्थानीय तहबाट अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले सो सम्वन्धमा समेत ध्यान दिनुपर्ने देखिन्छ ।

४३.४ कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार पालिकाले विद्यालयहरुले पेश गरेको विद्यार्थीको हाँजिरी र पालिकामा अद्यावधिक विद्यार्थीको तथ्याङ्कको आधारमा चौमासिक रुपमा दिवा खाजाको रकम भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले विद्यार्थीको हाजिरी र पालिकामा अद्यावधिक विद्यार्थीको तथ्याङ्क भन्दा बढी तथा निर्देशिकाले तोकेको १८० दिन भन्दा बढी विद्यालय व्यवस्थापन समितिको अध्यक्षको हस्ताक्षर नभएको हाजिरीको आधारमा देहायको विद्यालयहरुलाई निकासा दिएको पाईयो । अतः उक्त रकम असूल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्दछ, रु

| **क्र.सं** | **विद्यालय** | **२०८१को विद्यार्थी संख्या** | **जम्मा विद्यालय खुला दिन** | **हुनुपर्ने दिन** | **बढि दिन** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|
| १ | शान्ती प्रा.वि.विजुली | ९६ | १९७ | १८० | १७ | २४४८०.०० |
| **जम्मा** | | | | | | **२४४८०** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१५,१२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१** को निर्णयले रू **९,०३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,८७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२०,०८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१०,९६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **७,२९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१** को निर्णयले रू **२३,४३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१** को निर्णयले रू **१३,२६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२७,९४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१** को निर्णयले रू **२८,६६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२४,४८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१** को निर्णयले रू **८०,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१** को निर्णयले रू **१९,६६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१** को निर्णयले रू **२४,४९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१** को निर्णयले रू **६,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **७,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२,२४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१६,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२,४२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **११,९८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१९,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **११,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२३,४६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१३,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१७,५९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९,१६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१७,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **११,९८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,८३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३१,७४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,६३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **५,०७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **२,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,४८० |

## ४४ राष्ट्रिय शिक्षा नीतिको पालना

४४.१ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार

गर्नु पर्दछ ।

४४.२ गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

४४.३ राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्

- निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
- शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।
- अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

## ४५ थप पाठ्यपुस्तक वितरण

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **३३,१८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१४,३२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१९,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **३६,५७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **११,२४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ४६ राजस्व ढिला दाखिला गरेको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा २७ बमोजिम प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैंक

दाखिला गर्नुपर्ने व्यवस्था छ ।त्यसै गरी दफा २८ (२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतको दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था छ । गाउँपालिकामा संकलित राजस्व देहायअनुसार समयमै भएको नदेखिएकोले पालिकाले कानूनबमोजिम दाखिला गर्न लगाउनुपर्ने देखिन्छ । वडा कार्यालयहरुमा संकलन भएको राजस्व भौगोलिक हिसाबले तोकिएको समयमा दाखिला गर्न नसक्ने अवस्था रहेको जनाएता पनि राजस्व समयमै दाखिला गर्नुपर्नेमा समयमै दाखिला भएको देखिदैन तसर्थ दाखिला ढिलो गरेको कारणले तोकिएको कानूनबमोजिम जरिवाना लगाई समयमा दाखिला गर्नपर्ने देखिन्छ ।वडा कार्यालयमा संकलित राजस्व तपशिल बमोजिम छन् ।

**(विस्तृत विवरण बेरूजु दफा ४६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

४७.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका कार्यक्रम सञ्चालनको लागि रु.६७८८०००।-वजेट विनियोजन भएकोमा पालिकाले पेश गरेको विवरण अनुसार ६८ जनालाई बढीमा १०० दिन र कममा ९८ दिन गरी औषतमा ८४ दिनको श्रमिक ज्यालामा रु.४४५१५५२।-र प्रशासनिकमा रु.२१२६८७२।-।-गरी जम्मा रु.६५७८४२४।-खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा उल्लेखित छन् ।

४७.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वियन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

४७.३ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले सुधारहुनु पर्दछ ।

४७.४ रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर देहाय अनुसारका योजनाहरुमा कार्यपालिकाको निर्णयअनुसार योजनाहरू छनौट गरी वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी

व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमूलक र रोजगारमूलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

| क्र.सं. | वडा | आयोजनाको नाम | श्रमिकको आवश्यकसंख्या | श्रमिकको कार्यदिन | जम्मा दिन | ज्याला दर | कुल जम्मा ज्यालाभुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | १ | वडा स्तरीमोटर बाटो तथा गोरेटो बाटो | ४ | १०० | ४०० | ६६८ | २६७२०० |
| २ | | जुडाऐरावती मोटर बाटो मर्मत सुधार | ८ | १०० | ८०० | ६६८ | ५३४४०० |
| ३ | २ | बरौलकोटसिढी निर्माण तथा बाटो मर्मत | ४ | १०० | ४०० | ६६८ | २६७२०० |
| ४ | | वडा स्तरीयमोटर बाटो तथा गोरेटो बाटो मर्मत | ६ | १०० | ६०० | ६६८ | ४००८०० |
| ५ | ४ | वडाकार्यालय पर्खाल निमार्ण | ४ | १०० | ४०० | ६६८ | २६७२०० |
| ६ | | वडा स्तरीयमोटर बाटो तथा गोरेटो बाटो | ६ | १०० | ६०० | ६६८ | ४००८०० |
| ७ | ३ | घडेरीडाडातालपोखरा सडक मर्मत | ४ | १०० | ४०० | ६६८ | २६७२०० |
| ८ | | हरियाखोलादेखि नौघाट सम्म मोटर बाटो मर्मत | ६ | १०० | ६०० | ६६८ | ४००८०० |
| ९ | ५ | वडा स्तरीयमोटर बाटो तथा गोरेटो वाटो | ७ | १०० | ७०० | ६६८ | ४६७६०० |
| १० | | वडाकार्यालय पर्खाल निर्माण | ४ | १०० | ४०० | ६६८ | २६७२०० |
| ११ | ६ | वडा स्तरीयमोटर बाटो तथा गोरेटो वाटो | ७ | १०० | ७०० | ६६८ | ४६७६०० |
| १२ | | हाँडीखोलाबाघखोर उदिक मोटर बाटो | ८ | ८३ | ६६४ | ६६८ | ४४३५५२ |
| | | | ६८ | | ६६६४ | | ४४५१५५२ |

४७.५ पालिकाले कार्यान्वियन गर्ने योजनाहरू बार्षिक वजेटमा समावेश गरी कार्यान्वियनमा लैजानुपर्ने तथा वडाहरूको आवश्यकताको आधारमा योजना छनौट गर्नुपर्ने देखिन्छ । तर पालिकाले यस बर्ष कार्यान्वियन गरेका सोह्र वटा नै योजनाहरू वजेटमा समावेश गरेको नपाईएको तथा कार्यपालिकाको निर्णयानुसार मात्र छनौट गरेको जनाएको छ । पालिकाले योजना छनौट गर्दा सवै वडाहरुलाई छनौट गर्नुपर्नेमा रोजगारहरु सवै वडामा नभएकोले समेट्न नसकेको जनाएको भएतापनी सवै वडाहरूलाई प्राथमिकतामा राखी योजना छनौट र कार्यान्वियन गर्नुपर्दछ ।

४८ **कार्यविधि विनाको खर्च भुक्तानी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ।पालिकाले लक्षित वर्गको लागि विनियोजन गरेको रकम लक्षित वर्गको दिगो पूँजी निर्माण तथा उत्थानमा खर्च गर्नुपर्ने तथा त्यसको लागि कानून तथा कार्यविधि बनाउनुपर्नेमा सो को तर्जुमा नगरी "ग" वर्गका अपाङ्गका लागि रु. ५०८८००।– तथा "घ" वर्गका अपाङ्गका लागि रु. १६२०००।–गरी जम्मा रु. ६७०८०० वितरण गरेको छ।यस्ता खर्चहरुलाई संघिय खर्चहरुसँग दोहोरो नपर्ने गरी, आन्तरीक श्रोतलाई मजबुत बनाउदै दिर्घकालिन प्रतिफल दिने कार्यमा तथा कार्यविधि निर्माणको आधारमा भुक्तानी गर्नमा पालिकाले जोडदिनु पर्दछ।

४९ **विद्यालयलाई पुस्तकालय व्यवस्थापन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५०,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ५० सिकाई सहजिकरण

५०.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.४२ मा स्थानिय तहमा कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रमको व्यवस्था छ । पालिकाले स्थानिय तह भित्र अध्ययनरत विद्यार्थिहरु सञ्चार माध्यम तथा ईन्टरनेट सुविधाको पहुँच नभएका वालबालिकाको तथ्याङ्क यकिन गरी त्यस प्रकारको विद्यार्थिहरुको सिकाई निरन्तरताको लागि केन्द्रबाट विकास भएका तथा स्विकृत पाठ्यसामाग्री छपाई गरी वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले यस बर्ष विनियोजित रकम रु.४०००००।-बाट स्विकृत पाठ्यसामाग्री खरीद गरी वितरण गर्नुपर्ने तथा सो सँग सम्वन्धित तालिम संचालन गर्नुपर्नेमा सो नगरी रेडियो माण्डवीसँग २०८०।९।१६ मा १०४ अंकको कोभिड सम्वन्धि कार्यक्रम गर्नेगरी सम्झौता गरेको पाईयो । पालिकाले सम्झौता अनुसारको कार्य गरेको जनाई रेडियो माण्डवीलाई गो.भौ.५५।०८०।१२।२८ बाट रु.३९५२००।-भुक्तानी दिएकोमा कार्यक्रम कार्यान्वियन पुस्तिकाको उदेश्य भन्दा वाहिर गरेको खर्चले उदेश्य प्राप्ति नहुने देखिएकोले यस्तो खर्च नियमसम्मत देखिएन ।

५०.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले रेडियो माण्डवीसँग २०८०।९।१६ मा हप्तामा प्रत्येक दिन २५ मिनेटको दरले १०४ अंकको कोभिड सम्वन्धि कार्यक्रम गर्नेगरी सम्झौता गरेकोमा प्रत्येक दिन ३० मिनेटको दरले ५४ अंक प्रशारण गरेको प्रमाणको आधारमा गो.भौ.५५। ०८०।१२।२८ बाट रु.३९५२००।-भुक्तानी दिएको पाईयो । यसरी सम्झौता अनुसार २०८०।९।१७ देखि २०८०।१२।१३ सम्म १०४ अंक कार्यक्रम प्रसारण गर्नुपर्नेमा ५४ अंक मात्र प्रशारण गरेको आधारमा भुक्तानी गरेकोले बढी भुतानी रकम रु.१५२२६२।- सम्वन्धितबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५२,२६२ |

## ५१ उपभोक्ता समितिको खातामा भुक्तानी नगरेको

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७( ४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई आँफुले गरेको निर्माण कार्य वा सेवाको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य भएको मध्य रु १ लाख भन्दा कम रकमको कार्य गरेका उपभोक्ता समितिलाई खर्चको भुक्तानी गर्दा उपभोक्ता समितिको खातामा भुक्तानी नगरी व्यक्तिको (उपभोक्ता समितिको पदाधिकारि) नाममा भुक्तानी गरेकोले नियमानुसार देखिएन ।समितिको खातामा EFT मार्फत रकम भुक्तानि गर्नु पर्नेमा व्यक्तिको खातामा रकम भुक्तानि भएको छ । उपभोक्ता समिति मार्फत भएको देहाय लगायतको कार्यको उपभोक्ता समितिको खातामा भुक्तानी नगरी व्यक्तिको (उपभोक्ता समितिको पदाधिकारि) नाममा भुक्तानी गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वयनमा असर परेको छ । उपभोक्ता समितिलाई दिइएको कामको रकम भुक्तानी गर्दा उपभोक्ता समितको बैक खातामा रकम जम्मा गरी आर्थिक कार्य प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउनु पर्दछ ।

| सि.नं. | भौ.नं. | उपभोक्ता/कार्य | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ३०/२०८०/१०११ | चुकेनि खानेपानी ट्याङ्कि निर्माण | हिमराज पुन (अध्यक्ष) | ४८०००।- |
| २ | ३८/२०८०/१०/२९ | ऐटारि तल्लो खण्ड खानेपानी | रिमा कुमारी मगर(सचिव) | ४८०००।- |
| ३ | ४१/२०८०/११/०२ | हर्नाघाट डाबर मोटर बाटो निर्माण | राम बहादुर भण्डारी (अध्यक्ष) | ४८०००।- |
| ४ | ६४/२०८०/११/०८ | नुनथला गरापोखरा मोटर बाटो तथा घर संरक्षण | यङ्क बहादुर रायमाझि (अध्यक्ष) | ४८०००।- |
| ५ | ८०/२०८०/११/०८ | अम्बापाटा गोरेटो बाटो निर्माण | सूर्य बहादुर जि.सि (अध्यक्ष) | ४८०००.।- |
| ६ | ११३/२०८०/१२/०४ | बैदारपाटा बाह्रमाने मोटर बाटो निर्माण | झबिन्द्र बहादुर थापा | ४८०००।- |
| ७ | १५०/२०८०/१२/२६ | हिस्सीटोल सिंचाइ कुलो | शान्ति कामी राना (अध्यक्ष) | ४८०००।- |
| ८ | १५४/२०८०/१२/२८ | लेओसे खोला प्रतिक्षालय | चन्द्रकला थापा मगर (अध्यक्ष) | ४८०००।_ |
| ९ | १५७/२०८०/१२/२८ | आरनपाटा सिंचाइ | विस्नि नेपाली | ४८०००।- |

## ५२ विपद् व्यवस्थापन

५२.१ विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रबाट नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र संचालन, तथ्यांक अध्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था गर्ने र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ ।पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरु गरी सो को पालना गर्नु गराउनु पर्दछ ।

५२.२ वडा नं. ५ स्थित ढावाङ सिँचाई कूलो २०७९।३।१४ गते भएको वर्षातका कारण विग्रिएको जनाई विपद् व्यवस्थापन समितिको २०८०।५।१२ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार गो.भौ.१९।२०८१।३।२६ बाट रु.४५००००।–भुक्तानी गरेको पाईयो । पालिकाले विपद् व्यवस्थापनको लागि स्थापना भएको कोषबाट आकस्मिक रूपमा भएको विपद् व्यवस्थापन र रोकथाम प्रयोजनमा मात्र खर्च गर्नुपर्नेमा दुई बर्ष अगाडि भएको घटनाको खर्च पनि भुक्तानी गरेको पाईएकोले यस्तो खर्च रकम नियमित नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ४,५०,००० |

## ५३ सामाजिक सुरक्षा

५३.१ सामाजिक सुरक्षा सञ्चालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । सामाजिक सुरक्षामा यो वर्ष रु.६७७३१७७५ खर्च भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

५३.२ **एम.आइ.एस प्रणालिमा प्रतिवेदनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

५३.३ **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइएन ।

५३.४ **भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

५३.५ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३० र ४५ बमोजिम फ्रिज तथा फिर्ता नहुने भनी तोकेको बजेट उपशिर्षक बाहेकको बाँकी बजेट निकासा रकम फिर्ता गर्नु पर्ने व्यवस्था रहेको । यस कार्यालयको सामाजिक सुरक्षा तथा संरक्षण तर्फको प्रथम र द्धितिय त्रैमासिक सामाजिक सुरक्षा भत्ता बितरण पश्चात बचत हुन गएको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल खाता कोषमा फिर्ता भएको देखिएता पनि तेस्रो र चौथो किस्ताको सामाजिक सुरक्षा भत्ता बितरण भई बाँकी रहेको बास्तबिक रकम कार्यालयको बिवरणमा एकिन हुन सकेन । आगामी दिनमा कार्यालयले पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण पश्चात आम्यमी त्रैमासिकको लागि रकम निकाशा माग गर्दा अघिल्लो जैसिकमा बचत हुन गएको वास्तविक रकम को ले नि का एकलखाता कोषमा फिर्ता गरेर मात्र निकाशा माग गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ

## ५४ औषधी खरिद

५४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले यस बर्ष खरीद गर्ने औषधिको लागत अनुमान वनाउँदा गत आर्थिक बर्षको खरीद मूल्यलाई आधार बनाई लागत अनुमान वनाएको बताएको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्रिम्नानुसार छन

५४.२

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने, साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को (१क) मा सार्वजनिक निकायले बीस लाख रुपैया सम्मको औषधीजन्य मालसामान वा नेपालमा उत्पादित पन्ध्र लाख रुपैया सम्मको मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रीय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सक्ने र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले बर्षभरीलाई आवश्यक औषधीको पूर्वानुमान गरी वोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा लागत अनुमान समेत नबनाई एक पटक शिलवन्दिको माध्यमबाट र पटक पटक दरभाउपत्रको माध्यमबाट खरीद गरी देहायका गो.भौ. र मितिबाट खरीद गरेको छ । पालिकाले खरीद गर्दा लागत अनुमान तयार गरी वोलपत्रको माध्यमबाट खरीद प्रकृयाको अवलम्वन गर्नुपर्नेमा पटक पटक दरभाउपत्रको

माध्यमबाट खरीद गरेको छ ।यसरी खरीद गर्दा प्रतिशपर्धा कम हुने र गुणस्तर तथा मितव्ययी समेत नहुने भएकोले यस्तो खर्च रकम रु.२४८८१५९।-नियमसम्मत नदेखिएको, रु.

| क्र सं | गो. भौ. नं | आपुर्तिकर्ता | परिमाण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | २६/२०८०/०९/१७ | Shah Medical Hall_ Pyuthan | नेपाल सरकार बाट निशुल्क औषधि वितरण लागि खरिद ७७ प्रकार | ७३८६३१.०० |
| २ | ११/२०८१/०२/२० | Kunjan Medico Concern_ Gohari-15_ Dang | गर्भवतीको लागि निशुल्क क्यालसियम खरिद | १९२५७०.०० |
| ३ | ८६/२०८१/०२/२५ | Shikha Surgical & Science House_Butwal-6 | CBIMNCI**मा** 0-**59** महिला सम्मका वालवालिकाको सा.म.स्वा.स्वं.से ले **Pneumonia** पत्ता लगाउन **ARI Timer** खरिद | १२००००.०० |
| ४ | ९८/२०८१/०२/२९ | Mission International Concern Pvt. Ltd | बच्चाको चिसोको कार्ण अकालमा मृत्यु हुनवाट बचाउन Baby Wormerखरिद | ५०५४९६.०० |
| ५ | ११३/२०८१/०३/१२ र २०/२०८१/३/१२ | Ambe Medisales_ Pyuthan | नेपाल सरकार बाट निशुल्क औषधि वितरण लागि खरिद | ९३१४६२.०० |
| | | | **जम्मा** | **२४८८१५९।-** |

| अनियमित भएको | २४,८८,१५९ |
|---|---|

५४.३ अन्य व्यहोरा देहाय बमोजिम पाईयो :-

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएको छैन ।

• आपूर्ति हुने औषधि डव्लु एच ओ सर्टिफाई हुनुपर्ने ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषयको विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण समावेश नभएको पाईयो ।

• आपूर्ति भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच नगरेको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• ओषधि निकासाको लागि FIFO Method प्रणाली अपनाएको देखिएन ।

• तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

• औषधिको आवश्यक्ता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधि, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधि खरिद गरेको छोटो समय मै खर्च देखाउने, पालिकाद्धारा वा सरकारबाट निशुल्क वितरण गर्ने भनि उल्लेख नगर्ने, औषधिको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शि र प्रतिस्पर्धि हुने नसकेको ।

स्टोरमा औषधि भण्डारणको अवस्था तथा मौज्दात हेर्दा खरिद तथा प्राप्त भएअनुसारको औषिध रहेको विश्वस्त हुन सकिने आधार छैन । पालिकाबाट औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्चगरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५४.४ औषधीको ब्याच र म्याद : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ । आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नु पर्ने तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको हुनु पर्दछ । खरिद भएका औषधिहरुको दाखिला गरी माग अनुसार वितरण गर्नु पर्नेमा सबै निकासा जनाएको तर अभिलेख राखेको छैन। पालिकाबाट औषधि खरिद गरेको कुनै पनि विलमा औषधिको ब्याच र म्याद उल्लेख नभएको तथा र स्टोरमा उक्त औषधि सम्बन्धमा यकिन हुन नसकिएकोले औषिध खरिद भएको, रूजु भएको र संस्थामा निकासा भएको अभिलेख, खर्च र मौज्दात विवरण सहित प्रमाण पेश गर्नुपर्दछ ।

५४.५ बढी भुक्तानि: पालिकाले मिति २०८१।०३।०९ मा कोटेशनबाट अम्बे मेडिसेल्स मार्फत ७३ प्रकारका विभिन्न औषधि खरिद गरिएको पाइयो । उक्त अम्बे मेडिसेल्सले भुक्तानिका लागि रु. ९३१४६२।- विल पेश गरेको भएतापनि गो.भौ. २०।२०८१-०३-१२ र ११३। २०८१-०३-१२ मार्फत भुक्तानि हुंदा रु ९३५३७०।- भुक्तानी भएको देखिएकोले उक्त बढी भुक्तानि रु. ३९०८।-अम्बे मेडिसेल्सबाट असुलउपर गर्नुपर्ने देखिन्छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९०८ |

५५ **तलबी प्रतिवेदन**

स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार कार्यरत स्थायी कर्मचारीको सम्वन्धमा तलवी प्रतिवेदन पारीत गरेर मात्रै तलव भत्ता लेख्नुपर्ने व्यवस्था छ । पालिकामा विभिन्न पदमा स्विकृत दरवन्दि २७ जना रहेकोमा सो वाहेक करारमा समेत कार्यरत रहेको अवस्था छ । पालीकाले सो अनुसार कार्यरत कर्मचारीको तलव भत्ता लगायतको सुविधा खर्च लेख्दा तलवी प्रतिवेदन पारीत गरेर मात्र खर्च लेख्नुपर्नेमा यस बर्ष तलवी प्रतिवेदन पारीत नगरी रु.२१५१८९१८।-खर्च गरेको छ । जसले गर्दा स्थायी कर्मचारी मध्ये कुन कुन

कर्मचारी दरवन्दि भित्रको हो र निजले कति ग्रेड वरावरको सुविधा उपभोग गर्ने हो सो सम्वन्धमा यकिन गर्नसक्ने अवस्था देखिएन । पालिकाले तलवी प्रतिवेदन पारीत गरेर मात्रै खर्च गर्नुपर्ने देखिन्छ ।

## ५६ **ऐरावती कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल)**

५६.१ यस परियोजनाको मुख्य लक्ष्य गरिबी निवारणका लागि दीर्घकालिन परियोजना सञ्चालन गर्ने उद्देश्यले कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्नु रहेको छ।यस परियोजनाको निर्दिष्ट उद्देश्यहरुमा आवद्ध महिला लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरु तथा सहकारीमा आबद्ध गरी सामाजिक पूँजीको अभिबृद्धी गर्नु, सुधारिएको बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट वाख्राको उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र बाख्रा बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण श्रृजना गर्नु रहेको छ।परियोजनाको मुख्य गतिविधिहरुमा पशु खरिद तथा ढुवानी, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र आदि रहेकाछन ।ऐरावती कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु ७,००,००,०००।- को लागत साझेदारीमा मिति २०८० पौष १६ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७९।०८।२९ मा सम्झौता भएको देखिन्छ ।कुल लागत मध्ये ७०% ले हुने रकम रु ४९००००००।- पालिकाले र बाँकी ३०% ले हुने रकम रु २१००००००।- हेफरले व्यहोर्ने व्यवस्था रहेको छ ।यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८०।८१ मा रु. १०४८४३४०।- भुक्तानी भएको छ।हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन्

५६.२ पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशीलता विकास परियोजना सञ्चालनको लागि तीन वर्षको लागि सम्झौता गरेकोमा पालिकाबाट गर्ने खर्च मध्ये अनुगमन र मूल्याङ्कनमा रु १०५३५५०।-तालिममा रु ११९४०९८।-समेत रु. २२४७६४८।- हेफरलाई किस्तामा उपलब्ध गराएको छ ।पालिकामा रहेका स्थायी दरबन्दी भित्रको कृषि शाखाबाट सम्पादन गर्नुपर्ने नियमित काम उक्त गैरसरकारी संस्थालाई भुक्तानी गर्ने गरी सम्झौता गरेर व्ययभार बढाएको देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २२,४७,६४८ |

५६.३ पालिकाले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु जस्तो बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतना सम्बन्धी तालिम कार्यक्रमहरुलाई व्यवस्थापन गर्न दरबन्दी अनुसार कृषि तथा पशु प्राविधिक कार्यरत रहेको, कृषि तथा पशु सेवामा योगदान पुर्याउन एक पालिका एक प्रविधिकको छुट्टै व्यवस्था गरिएकोमा यस्ता कार्यक्रमहरु पालिकाका कर्मचारीहरुबाट नै नगराई परामर्शदाताको खोजी गरी हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन।अत पालिकामा कृषि प्राविधिकबाट सम्पादन हुने पालिकाभित्रका कामलाई पालिकाले समानीकरण अनुदानबाट गैरसरकारी संस्थालाई भुक्तानी गर्ने काम नियन्त्रण गर्नुपर्दछ ।

५६.४ पालिका र हेफर नेपालबीच सम्झौता भएकोमा शत प्रतिशत कार्य मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र खलंगा संस्था नेपाल मार्फत गराएको छ।हेफर नेपाल संस्थाबाट मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र खलंगा मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो ।सम्झौताको बुदा नं. १८ अनुसार संचालित कार्यक्रमको व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०७७ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनु अधि पालिकास्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकाबाट स्थलगत अनुगमन सहित कमि कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन।

५६.५ **विल विजक :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थावाट मात्र गर्नुपर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर दर्ता भएकाबाट गर्न पर्ने व्यवस्था रहेको छ । त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अधि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा

आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपाल लाई रु.१०४८४३४०।- भुक्तानी गरेको र हेफर प्रोजेक्टले मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र खलंगा प्युठान मार्फत कार्यक्रम कार्यान्वयन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानिय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन् र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो । अत : कानून अनुसार बिल विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन । हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले ३० प्रतिशत योगदान गर्ने र ७० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको र बैंक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ ।

५६.६ **कार्यक्रमको उपलब्धी तथा मापदण्ड**: सम्झौताको वुँदा नं. ८ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ ।हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन । उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ । यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासको बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन। वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

५६.७ **अनुगमन मूल्यांकन र भुक्तानी :** ऐरावती गाउँपालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को वुँदा नं. १८ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले चौमासिक अनुगमन तथा मूल्यांकन गर्नुपर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि गाउँपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने र सो समितिको सिफारिसमा अन्तिम भुक्तानी दिइनेछ भन्ने व्यवस्था छ।कार्यविधिको व्यवस्था विपरीत खरिद सम्झौतामा व्यवस्था राखी हेफर प्रोजेक्ट नेपाललाई चौमासिक रुपमा पेश्की दिई कार्यसम्पन्न भएको छ । जसले गर्दा अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गरी समितिको सिफारिसमा अन्तिम भुक्तानी दिइने व्यवस्था लागू हुने अवस्था देखिन्न । पालिकावाट कार्यक्रमको उपलब्धी र प्रभावका वारेमा विश्लेषण गरेको देखिएन।कार्यविधिको प्रावधान विपरीत अन्तिम किस्ता समेत पेश्कीको रुपमा भुक्तानी दिनु नियम सम्मत भएन ।

५६.८ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१** को निर्णयले रू **८६,१३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७ **दरभाउपत्रबाट खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार रु.१० लाख भन्दा वढि रु.२० लाख सम्म खरिद वा निर्माण कार्य सिलवन्दी दरभाउपत्रको माध्यमवाट गर्न सकिने व्यवस्था भए पनि एकमुष्ठ वजेट वा कार्यक्रम भएका आयोजनाहरुको वजेट टुक्रा पारी सिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउन नमिल्ने र वोलपत्रको माध्यमवाट गराउनु पर्ने व्यवस्था छ । पालिकाले देहायका कार्यहरू गर्दा लागत अनुमान तयार गरी निर्धारीत कानून अनुसार प्याकेज बनाई खरीद गर्नुपर्नेमा पटक पटक दरभाउपत्रको माध्यमबाट आर्थिक

बर्षको अनितममा रु.३७३९६६८।- को खरीद कार्य गरेकोले खरीदमा प्रतिशपर्धाको वातावरण समेत देखिएन । यसरी खरीद ऐन तथा नियमावलीको व्यवस्था विपरीत गरेको रकम नियमसम्मत नदेखिएको, रु.

**(विस्तृत विवरण बेरूजु दफा ५७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | ३७,३९,६६८ |

५८ **फर्निचर सामाग्री खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्षको शुरुवातमा नै विनियोजित रकमको खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा पालिकाले यो वर्ष फर्निचर सामाग्री खरिद गर्न देहयानुसारको आपुर्तिकर्ताबाट खरिद कार्य गरेको छ । पालिकाले खरिद नियमावली अनुसारको खरिद योजना बनाई तथा प्रक्रिया पुर्याई प्रतिशपर्धात्मक रुपले मितव्ययी हुने गरी खरिद कार्य गर्नुपर्दछ । पालिकाले यस वर्ष यसरी खरीद ऐन तथा नियमावलीको व्यवस्था विपरीत गरेको रकम नियमसम्मत नदेखिएको, रु.

| सि. नं. | गो भौ नं | आपुर्तिकर्ता | विवरण | भुक्तानीरकम |
|---|---|---|---|---|
| १ | ५/२०८०/०७/१४ | डिलाअर्डर एण्ड सप्लार्यस | ६न. वडा कार्यालयको लागि आवश्यक फर्निचर खरिद | ३५००२९.०० |
| २ | १५/२०८०/०९/१९ | डिलाअर्डर एण्ड सप्लार्यस | फर्निचरतथा फिक्चर्स खरिद | २९६७३८.०० |
| ३ | २२/२०८०/०९/२९ | गणेशफर्निचर उधोग | अतिथी निवासको लागि आवश्यक फर्निचर खरिद | ३४१२६०.०० |
| ४ | १९८/२०८१/०१/३१ | प्युठानट्रेड एण्ड मल्टी सप्लार्यस | कार्यालयतथा अतिथी निवासमा आवश्यक फर्निचर खरिद | ६६३३९६.०० |
| ५ | ३५३/२०८१/०३/२४ | गंणेशफर्निचर उधोग | प्रत्येकवडामा न्यायिक कक्षाको लागि फर्निचर खरिद | ३१०७५०.०० |
| जम्मा | | | | २७४२१७३.४७ |

| | |
|---|---|
| अनियमित भएको | २७,४२,१७३.४७ |

५९ **पोषणमैत्री नमूना टोल विकास**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले पोषणमैत्री नमुना टोल विकास कार्यक्रम संचालनको लागि शिलवन्दि दरभाउपत्रको माध्यमबाट आवश्यक सामाग्री खरीद गर्नुपर्ने देखिन्छ । तर पालिकाले आवश्यक सामानको लागत अनुमान समेत तयार नगरी २०८१।।२।२८ मा मात्र काठमाण्डौका तिन वटा फर्महरूसँग दररेट माग गरी सोहि आधारमा एन.आर.कलेक्सन, ओ.एस.ईण्टरप्राईजेजलाई रकम भुक्तानी दिएको छ । पालिकाले बर्षान्तमा पोषणमैत्री शिर्षकबाट लागत अनुमान समेत तयार नगरी सोझै खरीद गरी गो.भौ.१५५।०८१।३।२१ बाट रु.१६१९८९२।-को सामाग्री दरभाउपत्रबाट खरीद गरी विभिन्न कृषकहरूलाई वितरण गरेको देखिएकोले पालिकाले सार्वजनिक खरीद नियमावलीको पालना गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६० **पकेट विकास**

६०.१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद-४ को ४.१.४ मा पकेट विकास कार्यक्रममा सहभागि हुनको लागि नियमानुसार दर्ता भएका कृषक समुह वा उपभोक्ता समितिहरुबाट प्राप्त निवेदनहरु मध्येबाट अनूसूचि ९ मा उल्लेखित मापदण्ड पुरा गरेका मध्येबाट प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । त्यस्तै पकेट निरन्तरताको

लागि गतवर्ष पकेट कार्यक्रम प्राप्त गरेका कृषक समुहहरूलाई सूचना जारी गरी प्राप्त प्रस्ताव तथा निवेदनको आधारमा एवं गत बर्षको उपलव्धी र स्रोतको सदुपयोग समेतको आधारमा सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । पालिकालाई यस बर्षको विनियोजित वजेट अनुसार आ.व.२०८०।८१ मा मकैवाली निरन्तरताको लागि वजेट विनियोजन रु.६०००००।-विनियोजन भएको पाईयो । पालिकाले सम्झौताको लागि कृषकहरूलाई सूचना आव्हान गरेको जनाई सुनगाभा कृषि तथा सहकारी संस्था ली.सँग सम्झौता गरी कार्यसम्पन्नको आधारमा रकम निकासा दिएको छ । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छन।

६०.२ पालिकाले सुनगाभा कृषि तथा सहकारी संस्था ली.लाई सम्झौता वमोजिमको कार्य सम्पन्न गरेको जनाई पेश गरेको कागजात अनुसार गो.भौ.९५।०८१।२।२९ बाट रु.४९८०००।- भुक्तानी दिएकोमा विभिन्न सामाग्रीहरू खरीद गरेको जनाई विल भरपाई पेश गरेको छ । तर सो समुहहरूले प्रस्तावनामा तथा वितरण कार्य गर्दा समेत सो खरीद सामाग्री क-कसलाई यस बर्ष वितरण गर्ने र क-कसलाई आगामी बर्षको निरन्तरता बजेटबाट दिने हो सो सम्वन्धमा निर्णय गर्ने गरेको छैन । पालिकाले मकै खेति लगायतको कार्यको लागि समयमा नै सम्झौता गराई अनुदान रकम निकासा दिनुपर्नेमा अनुकूल सिजनमा कार्य गरे गराएको देखिएन सो तर्फ सरोकार पक्ष सजग हुनुपर्ने देखिन्छ। साथै पालिकाले अनुदान रकमको सहि सदुपयोग र समुह भित्रको पारदर्शिता सम्वन्धमा समेत अनुगमन गर्नुपर्ने देखिन्छ ।

६०.३ पालिकाले उल्लेखित कृषक समुहलाई सम्झौता वमोजिमको कार्य सम्पन्न गरेको जनाई पेश गरेको कागजात अनुसार रकम भुक्तानी दएको छ । तर निज फर्मले मिनि टिलर २ वटा (५-९ Hp) तथा कम्वाईन मिल १ (३ Hp) को आपूर्ति गर्नेगरी पृथ्वि कृषि संसारबाट खरीद गर्नेगरी सम्झौता गरेकोमा सोहि स्पेशिफिकेसन अनुसार विजक जारी भएको पाईएन । जसले गर्दा सोहि सामान कृषकले प्राप्त गरेको भनी आश्वस्त हुन सकिएन । कृषकले स्पेशिफिकेसन अनुसारको सामान खरीद गरे नगरेको सम्वन्धमा पालिकाले अनुगमनलाई मजवुत बनाउनुपर्दछ।

६०.४ कृषकले सिंचाई कूलो निर्माण गरेको जनाई रु.२०००००।-(पालिका योगदान ८५% ) खर्च दावी गरी भुक्तानी भएको छ । तर सोको लागत अनुमानमा सिमेण्ट(ओ.पि.सी.) को दररेट रु.८२०।-ले लागत अनुमान बनेकोमा रु.४९०।-को दरले नर्म्स अनुसार लाग्ने सिमेण्ट ७५ वोरा किनेको पाईयो । यसरी बढी दरमा सिमेण्टको भुक्तानी दिंदा रु.२७१२०।-को मूल्याङ्कन बढी भएकोमा सोको कृषक योगदान हुने रकम कट्टा गरी बढी भुक्तानी रु.२३०५२।-सम्वन्धितबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,०५२ |

६१ **पहिरो पन्छाउने कार्य**

पहिरो पन्छाउने कार्यः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ.ब २०८०।०८१ को स्वीकृत कार्यक्रम अनुसार पहिरो पन्छाउने,खाल्डा खुल्डि भर्ने तथा नालि सरसफाइ गर्ने कार्यका लागि केहि जे.सि.भि खरिदका लागि मर्मत संहार कोष मार्फत ८० लाख बजेट पालिकाबाट छुट्याएको पाईन्छ । पालिकाले यस वर्ष बर्षायाममा वडा नं. २ भित्रका विभिन्न स्थानका पहिरो पन्छाउने कार्यका लागि जे.सि.भि मेसिन भाडामा लिनका लागि प्रति घण्टा रु.3390।-का दरले दररेट राखि लागत अनुमान तयार पारेको पाइयो । पालिकाले २०८०।६।११ मा ७ दिनको सुचना मार्फत दरभाउ पेश गर्न आह्वान गरिएकोमा ४ वटा दरभाउपत्र पेश भएकोमा २०८०।६।२२ को निर्णयानुसार न्युनतम दररेट (प्रतिघण्टा ३३४५) पेश गर्ने ओम ज्ञानि निर्माण सेवा स्वीकृत गर्ने निर्णय भएको तथा २०८०।६।२२ मा उक्त ओम ज्ञानि निर्माण सेवा संग २०८०।७।२३ सम्म विभिन्न स्थानका पहिरो पन्छाउने काम सम्पन्न गर्ने गरि सम्झौता भएको पाइयो । उक्त काम सम्झौता मितिमा सम्पन्न गर्न नसकेको भनि निर्माण व्यावसायिले दिएको निवेदनको आधारमा कार्यपालिका बाट मिति २०८०।९।५ सम्म म्याद थप गरि पहिरो फाल्न कुल लागत अनुमान निर्धारण भएकोमा गो.भौ.नं. २०।२०८०।९।२९ मार्फत ओम ज्ञानि निर्माण सेवालाइ रु १६२०६२५।६२ कूल भुक्तानि भएको देखिन्छ । सोहि न्युनतम दर रेट पेशगर्ने ओम ज्ञानि निर्माण सेवा ले पेश गरेको न्युनतम दररेट (प्रतिघण्टा ३३४५) मा अन्य पहिरो फाल्ने काम गरि पाउँ भनि निवेदन अन्य तिन कार्य निर्माण व्यावसायिले दिएको निबेदनको

आधारमा बिभिन्न वडाका पहिरो फाल्ने कार्य गरी देहाय अनुसारको खर्च भुक्तानी भएको छ । यसरी वोलपत्रको माध्यमबाट खरीद प्रकृया अवलम्वन गर्नुपर्नेमा एक ठेक्काको दर प्रयोग गरी अन्य फर्महरूसँग दरभाउपत्र लिई सम्झौता गरी पुनः अन्य फर्महरूसँग कार्य गराएको पाईएकोले खरीद ऐन तथा नियमावलीको व्यवस्था विपरीत गरेको रकम रु.५१५४४३६।-नियमसम्मत नदेखिएको, रु.

| गो.भौ.।मिति | कन्सट्रक्सन | सम्झौता मिति | म्याद थप | लागत अनुमान | खर्च |
|---|---|---|---|---|---|
| १२/२०८०/९/५ | के एण्ड बि कन्सट्रक्सन | २०८०/०६/२२ मा २०८०/०७/२१ सम्म सम्पन्न गर्ने गरि | २०८०/०८/१५ सम्म (कार्यपालिकाको निर्णय) | ९८२७५५।९८ | ९८०६८५ |
| ११/२०८०/८/२५ | पुष्पाञ्जलि निर्माण सेवा | २०८०/०६/२२ मा २०८०/०७/२१ सम्म सम्पन्न गर्ने गरि | २०८०/०८/२१ सम्म (कार्यपालिकाको निर्णय) | ७८४६६३।९४ | ७८१११५ |
| १३/२०८०/९/१६ | गोल अफ सक्सेस | २०८०/०६/२२ मा २०८०/०७/२१ सम्म सम्पन्न गर्ने गरि | २०८०/०९/०५ सम्म (कार्यपालिकाको निर्णय) | १८३५६८२।८३ | १८३०२६१ |
| १६/२०८०/०९/२० | गोल अफ सक्सेस | २०८०/०६/२२मा २०८०/०७/२१ सम्म सम्पन्न गर्ने गरि | २०८०/०९/०५ सम्म (कार्यपालिकाको निर्णय) | ९८१६१०।३५ | ९७०५२० |
| ९/२०८०/०८/२१ | क्याथरिङ्ग इन्जिनियरिङ कन्सल्टेन्ट | २०८०/०६/२२ मा २०८०/०७/२१ सम्म सम्पन्न गर्ने गरि | | ५९१८५४।६० | ५९१८५५ |
| | | | | **जम्मा** | ५१५४४३६।- |

| अनियमित भएको | ५१,५४,४३६ |
|---|---|

## ६२ सेनीटरी प्याड खरिद

६२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालीकाले नियमावलीको व्यवस्था अनुसार साथै सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी, २०७६ को दफा ३(४) को अनूसूची १ मा उल्लेखित २४०mm लम्वाई, ६० बाट ७५mm चौडाई साईजको सेनीटरी प्याडको लागि लागत अनुमान तयार गरी खरिद प्रकृयाको थालनि गर्नुपर्ने देखिन्छ । तर पालिकाले लागत अनुमान समेत तयार नगरी दरभाउपत्रको माधयमबाट कम कवोल जनाई शिवन्स सेनिटरी नेप्किन उद्योगबाट ३३०mm लम्वाईको प्रति प्याड रु.८३।५०(मू.अ.कर बाहेक) का दरले १०५०० प्याडको गो.भौ.५४।०८०।१२।२६ बाट रु.९९०७२८।-भुक्तानी दिएको छ । लागत अनुमान तयार गरी वोलपत्रको माध्यमबाट खरीद गर्दा सोहि गुणस्तरको प्याड अन्य पालिकामा प्रति पप्याड रु.२४।९९ मा खरीद भएकोमा बर्षान्तमा लागत अनुमान वेगर खरीद गर्दा सोहि प्याडको प्रतिश्पर्धा कम हुने तथा कार्यविधिले तोकेको मापदण्डको खरीद नगर्दा गुणस्तर समेत नहुने देखिन्छ । यस्तो खरीद रकम नियमसम्मत नदेखिएको, रु.

| अनियमित भएको | ९,९०,७२८ |
|---|---|

६२.२ पालीकाले नियमावली तथा कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को व्यवस्था अनुसार लागत अनुमान तयार गरी गुणस्तर सहितको सेनीटरी प्याड विद्यार्थिहरुलाई उपलव्ध गराउनुपर्ने देखिन्छ । तर पालिकाले खरीद गरेको उल्लेखित १०५०० सेनिटरी प्याड जिन्सि खातामा आम्दानी जनाएको तथा बर्षान्तमा १२ वटा विद्यालयलाई बुझाएको जनाएकोमा सो सामाग्री विद्यालय जिन्सी खातामा दाखिला छ छैन सोको प्रमाण पेश भएको छैन । बार्षिक रूपमा विनियिजित रकम सोहि आर्थिक बर्षको लागि हुनेमा पालिकाले बर्षान्तमा सामान खरीद गरी विद्यालयमा हस्तान्तरण गरेको जनाएकोमा विद्यालयमा सोहि गुणस्तर कायम राख्ने गरी विद्यालयले व्यवस्थापन गर्न सक्ने नसक्नेमा आश्वस्त हुन सकिएन । अतः पालिकाले सम्वन्धित लक्षितवर्गलाई सुविधा उपभोग गर्नेगरी खरीद तथा व्यवस्थापन हुनुपर्दछ ।

६२.३ कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.२३ मा स्यानिटरी प्याड खरीद सम्वन्धि व्यवस्था छ । जसअनुसार पालिकाले कक्षा ६ सम्म तथा आवश्यकता अनुसार सो कक्षा भन्दा तल्लो कक्षामा समेत कक्षा ६-१२ को छात्राको तथ्याङ्क अद्यावधिक गर्ने र निजको लागि १० महिनाको आवश्यक प्याड निर्धारीत मापदण्षको खरीद गर्ने उल्लेख छ । यसरी खरिद गर्दा रकम वचत भएको अवस्थामा पालिकाले विद्यालयमा प्याड डिस्पोजल मेशिन नभएमा एक पटकको लागि खरीद गरी वितरण गर्न सकिने उल्लेख छ । पालिकाले सेनीटरी प्याड खरीदबाट वचत रकमबाट लागत अनुमान वेगर सेनीटरी प्याड डिस्पोजल मेशिन ७ वटा खरीद गरी गो.भौ.१३६।०८१।३।१८ बाट रु.३५००००।-को खरीद गरी बर्षान्तमा वितरण गरेको विवरण पेश गरेको छ । पालिकाले आवश्यकताको पहिचान गरी खरीदमा प्रतिश्पर्धा हुनेगरी खर्च गर्नुपर्ने देखिन्छ ।.

६३ **संचालन नभएका कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले तोकिए बमोजिमको प्रगति कार्यक्रम गर्नुपर्ने उल्लेख छ । साथै अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई यस बर्ष प्राप्त शशर्त वजेट मध्ये देहाय लगायतको कार्यक्रमहरु नगरी वजेट रकम फ्रिज गरेको छ । बार्षिक रुपमा विनियोजित रकम समयमा र तोकिएको कार्यक्रम के कति कारणले नभएको हो उल्लेख गरेको छैन, यसरी खर्च नगर्दा लक्षित उपलब्धि हाँसिल नहुने हुँदा तोकिए अनुसारको कार्यक्रम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सि.न. | कार्यक्रम | रकम रु. |
|---|---|---|
| १ | सूचना प्रकाशन तथा उन्नत बीउ उपयोग अनुगमन निरीक्षण | १५००००।- |
| २ | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण | १४००००।- |
| ३ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विधार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विधालय सुपरिवेक्षण | १२००००।- |
| ४ | आ.व. २०७९।८० मा स्थापना भएको च्याउ पकेट विकास कार्यक्रमको निरन्तरता | ६३००००।- |
| ५ | पोषण सुधारको लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरुलाई विपन्न सदस्यकोहरुको आयआर्जन सुधार कार्यक्रम गर्न अनुदान | ५६८०००।- |
| ६ | खाधान्न बालिको उन्नत बीउ उपयोगमा अनुदान(धान,गहुँ,मकै) | १२४०००।- |

६४ **कार्यक्रम बाहिरको खर्च**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१** को निर्णयले रू **२६०,०५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ६५ स्मार्ट कृषि कार्यक्रम

६५.१ पालिकाको रु.११२५०००।-, एकिकृत कृषि तथा पशु विकास कार्यालयको रु.२२५००००।-तथा विजुलिकोट स्मार्ट कृषक समुहको रु.११२५०००।-योगदान रहने गरी २०८०।९।२५ मा त्रिपक्षिय सम्झौता भएको पाईयो । सो सम्झौता अनुसार पालिकाले देहायका खर्च शिर्षकमा मात्रै योगदान रहने उल्लेक भएकोमा सोहि अनुसारको कार्य गरेको जनाई गो.भौ.१०।०८१।३।१४ बाट रु.११२५०००।- भुक्तानी दिएको पाईयो । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छन।

| क्र.सं | कार्यक्रम | वजेट |
|---|---|---|
| १ | किटनासक औषधी खरीद | १००००० |
| २ | तरकारी विऊ खरीद | ११५००० |
| ३ | मिनि टिलर खरीद | १०००००० |

६५.२ कृषकले १६ वटा मिनि टिलर खरीदको लागि रु.१६०००००।-वजेट विनियोजन गरेकोमा सो बाट ४.७ देखि ७.५Hp को खरीद गर्ने गरी स्पेशिफिकेसन सहितको सार्वजनिक सूचना जारी गरेको पाईयो । सो सूचना अनुसार विभिन्न तिबन फर्मको शिलवन्दि दरभाउपत्र परेकोमा पृथ्वि कृषि संसारले ४.८ Hp को प्रति पिस रु.७५०००।–का दरले आपूर्ति गर्ने उल्लेख गरेकोमा कृषकले तुलनात्मक रूपमा सो भन्दा धेरै महङ्गो हुने गरी ५.५Hp को प्रति पिस रु.१०००००।–का दरले खरीद गरेको छ । यसरी स्पेशिफिकेशन भन्दा फरक क्षमताको खरीद गर्दा प्रति टिलर रु.२५०००।-बढी पर्न गएको छ । यसरी आवश्यक स्पेशिफिकेसनको सामान कम लागतमा दिन मञ्जुर हुँदा हुदै बढी दरमा खरीद गरी पालिका योगदानको बढी व्ययभार पारेको रकम रु.२२५०००।-नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | २,२५,००० |

६५.३ पालिकाले २०८०।९।२५ मा गरेको त्रिपक्षिय सम्झौता अनुसार २०८१।१।३१ माकार्यसम्पन्न गर्ने उल्लेख गरेको पाईन्छ । तर कृषकले २०८१।२।१३ मा मात्रै मिनि टिलर वाँडेको वितरण पेश गरेको छ । साथै कृषकले सो टिलर क-कसलाई वितरण गरेको हो सो को निर्णय पेश गर्ने गरेको छैन । पालिकाले सो सम्वन्धमा समेत ध्यान दिनुपर्दछ ।

## ६६ वरौला खानेपानी आयोजना

६६.१ पालिकाले वरौला खानेपानी आयोजना अन्तर्गत ५० घ.मी.को २ वटा ट्याङ्कि, १० घ.मी.को १, १२ घ.मी.को १, १४ घ.मी.को १ वटा, २० घ.मी.को १ वटा, १ वटा ईनार, पम्प हाउस र २७५ धारा निर्माणको लागि रु.२९८५२४९७।-को लागत अनुमान तयार गरी स्विकृत गरेको पाईयो । सो कार्य गर्नको लागि २०७८।३।१६ मा ठेक्का न १०\०७७\०७८ बाट सूचना आव्हान गरेकोमा सबैभन्दा कम रु.२३१५५५८५।-कवोल गर्ने फर्म भिमेश्वर।प्रतिभा।सत्यवती जे.भि.सँग २०७९।९।३० सम्म कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको पाईयो । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

६६.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा निर्माण व्यवसायीले विशेष कारणवश खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता समाप्त हुनभन्दा २१ दिन अगावै म्यादथपको निवेदन दिनुपर्ने तथा सो उपर चित्त बुझेमा वोलपत्र स्विकृत गर्ने अधिकारीले म्याद थप्न सक्ने प्रावधान छ।पालिकाले २०७९।९।८ मा दोस्रो रनिङ विल (२०७९।६।२६) सम्म ३० प्रतिशत कार्य भएकोमा तत् पश्चात कार्य भएको नपाईएको र ठेक्काको म्याद २०७९।९।३० सम्म मात्रै रहेकोले सम्झौता अनुसारको कार्य गर्न तदारुकता नदेखिएकोले कानून बमोजिम कारवाहि गर्न बाध्य हुने जानकारी सहितको पत्राचार गरेको पाईयो। निर्माण व्यवसायिले २०७९।९।१४ मा (२१ दिन अगावै दिनुपर्नेमा म्याद थपको निवेदन दिएकोमा प्रमुख प्र.अ. २०७९।१०।१९ देखि हालसम्म एक तिहाई कार्य प्रगती पनि नभएको र २१ दिन अगावै म्याद भित्र निवेदन नदिएकोले हर्जाना सहितको म्याद थप गर्नुपर्ने जानकारी सम्बन्धित व्यवसायिलाई दिएकोमा कार्यपालिकाको २०७९।१०।२६ को

निर्णयबाट २०७९।११।३० सम्म म्याद थप भएको पाईयो । पटक पटक ताकेता गर्दा समेत कार्य सन्तोषजनक नभएकोमा प्र.प्र.अधिकृतले अन्तिम पटक हर्जना सहित म्याद थप गर्ने तथा सो म्यादमा कार्यसम्पन्न नभएमा दैनिक ०.०५% का दरले क्षतिपूर्ति कट्टा गरिने गरी २०८०।२।१४ को च.नं.१०९० को पत्रबाट निर्माण व्यवसायिलाई जानकारी दिएकोमा रसिया युक्रेन युद्धले राम्रो सामान प्राप्त नभएको जनाई म्याद थपको निवेदन दिएको र दोस्रो पटक कार्यालयले २०८१।१।१७ को निर्णयबाट २०८१।३।१५ सम्म म्याद थपेको छ । कार्यालयले हालसम्म थप गरिएको अवधिभर ४० प्रतिशत काम सम्पन्न भएकोमा हाल निरन्तर सम्पर्क गर्दा समेत रेस्पोन्स नगरेको सदर टिप्पणी अनुसार देखिन्छ भने कार्यपालिकाको २०८१।१।७ को निर्णयअनुसार म्याद २०८१।७।३० सम्म थप गरेको छ । यसरी पालिकाले पटक पटक पत्राचार गर्दा समेत कामको प्रगती नभएकोमा हालसम्मको मूल्याङ्कन रु.१२८३२०१३।–भई चौथो रनिङ्ग विल गो.भौ.२९६।०८१।३।२४ बाट रु ४६७७७६०।–भुक्तानी दिएको पाइयो । यसरी पटक पटक ताकेता गरेको अवस्थामा पनि काम नगरी नियमावलीको संशोधनको कारण जनाउदै विशेष परिस्थिति बेगर हर्जना रहित म्याद थप गर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

६६.३ सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम १२३ मा खरिद सम्झौतामा कार्यसम्पन्न मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायिलाई पटक पटक पत्राचार गरी सचेत गराउँदा समेत कामको प्रगती ८५% मात्रै भएको देखिन्छ । समयमा कार्य सम्पन्न गर्न लगाई लाभान्वित वर्गलाई उपभोगको वातावरण सृजना गराउनु पर्दछ ।

## ६७ **कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । पालिकाले काणुनको परीपालना सम्वन्धमा ध्यान दिनुपर्ने देखिन्छ ।

## ६८ **झिमरूक विजुलीकोट लिफ्ट खानेपानी योजना**

६८.१ पालिकाले झिमरूक विजुलीकोट लिफ्ट खानेपानी योजना अन्तर्गत ६ घ.मी.को ४ वटा ट्याङ्कि, ५० घ.मी.को १, १० घ.मी.को ३ वटा, ४ घ.मी.को ३ वटा, १ वटा ईनार, पम्प हाउस ४ वटा र ४८२ घर परीवारलाई पानि वितरणको लागि रु.२६८९०१६८।३६ को DPR अनुसारको लागत अनुमान तयार गरी स्विकृत गरेको पाईयो । सो कार्य गर्नको लागि २०७६।४।१६ मा ठेक्का नं ११\०७५\०७६ बाट सबैभन्दा कम रु.२५७५३३३६।३८ कवोल गर्ने फर्म जोशी।आँसु।ईशान जे.भि.सँग २०७७।३।१५ सम्म कार्यसम्पन्न गर्नेगरी सम्झौता भएको पाईयो । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

६८.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई देहाय बमोजिमको अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ, त्यस्तै नियमावली, २०६४ को नियम ११८ मा मालसामान वा अन्य सेवाको ड्रईङ, डिजाईन तथा स्पेसिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा त्यस्तो मालसामान वा सेवाको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा समेत मनन गरी भेरिएसन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गरेको हुनु पर्ने उल्लेख छ । पालिकाले BOQ मा पाँच आइटममा प्राविधिक त्रुटी भएको जनाई परामर्शको लागि खानेपानी तथा ढल व्यवस्था विभाग, काठमाडौंमा विज्ञ खटाइदिन २०७८।१२।८ मा च.नं. १०३३ बाट पत्राचार गरेकोमा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, बुटवलबाट विज्ञ टोलि आएको पाईयो । सो टोलीले Intermediate Station हरुको टंकिको क्षमता कम देखिएको र कम्तिमा आधा घण्टा पानी संकलन गर्न सक्ने क्षमताको बनाउनुपर्ने, Submersible पम्प जडान गर्नको लागि सबै Intermediate Station हरुमा १० इन्चको

Pump Casing Wall बनाएर मात्रै जडान गर्नुपर्ने गरी सुझाव दिएको पाईयो । पालिकाले पुनःअनुगमन समितिलाई सो सम्वन्धमा समेत अनुगमन गरी प्रतिवेदन पेश गर्न आग्रह गरेकोमा विज्ञ टोलिको सिफारीस अनुसार ड्रईङ, डिजाईन तथा स्पेसिफिकेशन आदि बदल्नु पर्ने देखिएको उल्लेख गरेको छ । तर पालिकाले सो अनुसार कुन कुन आईटममा के कति भेरीएसन हुने हो सो को स्विकृत नगरी पुनः निर्माण व्यवसायीलाई विज्ञ टोलिले उल्लेख गरेको अनुसार कार्य सुचारू गर्न आदेश दिएको पाईयो । पालिकाले हालसम्म रु.२१००६७७०।६० को कार्य गरेको देखिएकोमा गो.भौ.२८९।०८१।३।१४ बाट रु.७५१३२३३।-र गो.भौ.३०४।०८१।३।३१ बाट रु.३१५००००।- भुक्तानी दिएकोमा पालिकाले भेरीएसन आदेश स्विकृत गरेको छैन । अतः ऐन तथा नियमावलीको व्यवस्था अनुसारको भेरीएसन आदेस स्विकृत गरेर मात्र निर्माण कार्य अगाडि बढाउनु पर्दछ ।

६८.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले उल्लेखित कार्यको लागि ठेक्का व्यवस्थापन गराएकोमा लेखापरीक्षण अवधीसम्म (२०८१।५।२४) विमा गराएको पाईएन । पालिकाले कानूनको पालना गर्नेतर्फ निर्माण व्यवसायीलाई सचेत गराउनुपर्ने देखिन्छ ।

६८.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा निर्माण व्यवसायीले विशेष कारणवश खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता समाप्त हुनभन्दा २१ दिन अगावै म्यादथपको निवेदन दिनुपर्ने तथा सो उपर चित्त बुझेमा वोलपत्र स्विकृत गर्ने अधिकारीले म्याद थप्नसक्ने प्रावधान छ । पालिकाले उल्लेखित निर्माण कार्यको लागि २०८०।३।३ को निर्णयबाट २०८१ वैशाखसम्म तथा २०८१।१।१७ को निर्णयबाट २०८१।६।३० सम्मको म्याद थप गरेको देखिन्छ । दोस्रो विलसम्मको तथा बर्षान्तसम्मको कार्य प्रगती अनुसार १० घ.मी. को ७ वटा, ८ घ.मी. को ३ वटा (भेरीएसन स्विकृत वाँकि), पम्प हाउस ४ वटा, डिष्ट्रिव्युसन च्याम्वर ३ वटा र ५० घ.मी. को १ ट्याङ्कि निर्माण सम्पन्न भई भौतिक रूपमा ९०% प्रगती भएको जनाएको छ । समयमा कार्यसम्पन्न गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

## ६९ शैक्षिक गुणस्तर सुद्दृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान

६९.१ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरी अनुदान प्राप्त गर्ने कार्यक्रमहरुलाई शिर्षकगत रुपमा उल्लेख गरेको छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत शैक्षिक गुणस्तर शुदृढिकरण एवम कार्य सम्पादनमा प्रोत्साहन अनुदान शिर्षकबाट श्री मोति माध्यामिक विद्यालयलाई अनुदान स्वरुप गो.भौ.१७०।०८१।३।२४ बाट रु ३००००००।-निकासा दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

६९.२ विद्यालयले पालिकासँग सम्झौता गर्दा विभिन्न २६ वटा शिर्षकहरूमा तोकिएअनुसार खर्च गर्नेगरी तथा नमूना विद्यालयको कार्यविधी अनुसारको खर्च गर्ने उल्लेख गरेको पाईयो । विद्यालयले खर्चको विल भरपाई पेश गर्दा सम्झौताको क्र.सं.१८ को कक्षा कोठाका लागि विधुत वाईरीङ्ग खर्च जनाई सरस्वती मनकामना ईलेक्टिकल्सको रु.४०००००।-को विद्युत सामान खरीदको विजक पेश गरेको छ । पालिकाले सो विद्यालयको लागि शैक्षिक गुणस्तर सुद्दृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत नै यसबर्ष भवन निर्माणको कार्य आंशिक रूपमा गरेको तथा सो भवनको अधुरो निर्माण पुनः चालु वर्ष २०८१।८२ मा वोलपत्र माध्यमबाट नै हुने चरणमा रहेकोमा सोहि भवनमा विधुतिकरणको कार्य गर्ने जनाई विल पेश भएको पाईयो । यसरी ठेक्का प्रकृयाबाट निर्माण कार्य भईरहेको कार्यमा विद्युतको कार्य गर्नेगरी खरीद गर्नु उचित देखिदैन । विद्यालयले भवनको आगामी वोलपत्रको BOQ मा यसबर्ष खरीद भएको विद्युत सामानको अंश घटाएर मात्रै वोलपत्र आव्हान गरेको प्रमाण पेश हुनुपर्दछ, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

## ७० आयोजनाको अनुगमन

स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार पालिकास्तरका आयोजनाहरूको अनुगमन उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्नुपर्ने व्यवस्था छ । पालिकामा उपाध्यक्षको अध्यक्षतामा योजनाको अनुगमन समिति रहेकोमा सो अनुगमन समितिले कुन दिनमा कुन योजनाको अनुगमन गरेको हो र सो योजनाको अवस्था कस्तो छ सो सम्वन्धि उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा समितिको अनुगमन प्रतिवेदन संलग्न नगरी निर्माण व्यवसायी एवं उपभोक्ता समितिलाई भुक्तानी हुने गरेको देखियो । जसले गर्दा योजनाहरू सम्पन्न भए पश्चात को सहि र समयमा नै अनुगमन भएको छ भन्ने अवस्था देखिएन । यसरी अनुगमन समितिको प्राप्त प्रतिवेदनको आधारमा मात्रै योजनाको फरफारक गर्नुपर्नेमा अनुगमन समितिबाट प्रतिवेदन वेगर नै भुक्तानी गरेकोले पालिकाबाट सम्पादित कार्यहरु यथार्थपरक छन् भन्ने अवस्था देखिएन । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्दछ ।

## ७१ ऐरावती खेलकुद मैदान

७१.१ पालिकाले ऐरावती खेलकूद मैदान निर्माणको लागि रु.३३००२९१।९१ को लागत अनुमान मध्ये रु.३००००००।-पालिका योगदान तथा वाँकि कार्य उपभोक्ता समितिले व्यहोर्ने तथा २०८१।३।१५ सम्ममा सम्पन्न गर्ने गरी २०८०।१२।९ मा सम्झौता गरेको देखियो । पालिकाले तोकिए अनुसारको समयमा कार्य गर्नु गराउनुपर्नेमा चौथो त्रैमासिकमा मात्र उपभोक्ता समिति गठन गरि सम्झौता गरेको देखियो । उपभोक्ता समितिले सम्झौता अनुसारको कार्य सम्पन्न गरेको जनाई पेश गरेको विल भरपाईको आधारमा पालिकाले गो.भौ.२८८।०८१।३।२४ बाट रु.२८६३२९१।-भुक्तानी दिएको छ । पालिकाले समयमा सम्झौता तथा कार्य गर्न गराउनुपर्ने देखिन्छ । सो सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्नानुसार छन ।

७१.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा सो कार्य झिवाङ्ग खोलाको किनारमा रहेको देखिएकोमा पनि निर्माण कार्यको विमा गरेको देखिएन । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्दछ ।

७१.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । सार्वजनिक खरीद नियमावली¸ २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा फिल्डमा सुपरभाइजर नराख्ने तथा आफैंले समेत पर्याप्त रेखदेख नगरी निर्माण गर्नुपरेको अवस्था छ । साथै उपभोक्ता समितिले लागत अनुमानमा प्रयोग भएको ४४९ बोरा सिमेण्टको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार रु.८२०।- मा गरेकोमा उपभोक्ताले रु.६००।-(ढुवानी वाहेक)को मात्रै दरमा सिमेण्ट खरीद गरेको विलको आधारमा पनि कार्यसम्पन्न रकम लागत अनुमान वरावर कै बनाएको पाईएकोले मूल्याङ्कन रकम रु.३२८४०४३।७१ मध्ये रु.१११६२१।- बढीको मुल्याङ्कन भएको छ । पालिकाले सो रकमको उपभोक्ताको योगदान अंश कट्टा गरी हुन आउने रकम रु.१००४५९।-निर्माण कार्यको समितिबाट असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,४५९ |

७१.४ आयकर ऐन,२०५८ को दफा ८९ मा ढुवानी भाडा भुक्तानी गर्दा स्रोतमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले उल्लेखित उपभोक्ता समितिले पेश गरेको विल भरपाईमा ढुङ्गा, वालुवा, गिटीको ढुवानी भाडा जनाई रु.४८५०००।–को भरपाई पेश गरेकोमा ढुवानी भाडा कर कट्टा गरेको देखिएन । यसरी छुट ढुवानी भाडा कर रु.४८५००।–सम्वन्धितबाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,५०० |

## ७२ सौर्य बत्ती जडान

७२.१

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४९८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७२.२

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२९७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ७३ १५ शैया अस्पताल

७३.१ पालिकाले गैह्र आवाशिय भवन अन्तर्गत १५ शैया अस्पताल निर्माण कार्यको रु.३०२३६०११९।४१ को DPR तयार भएकोमा यस बर्ष सो कार्य मध्ये गार्ड घर, वाउण्ड्रि वाल, पोष्टमार्टम घर र प्रसुती गृह वाहेकका कामको निर्माणको लागि रु.१८३३८५७०२।५९ को लागत अनुमान स्विकृत गरेको पायो । सो कार्यको लागि ठेक्का नं ९//२०७९/८० बाट २०७९।१२।१२ मा वोलपत्र आव्हान गरेकोमा सवैभन्दा कम कबोल गर्ने फर्म घिसिङ्ग विल्डर्स प्रा.ली. सँग २०८०।३।५ मा रु.१७५७०४१२१।२१( मू.अ.कर र पिएस समेत ) तथा २०८३।३।१६ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएको पाईयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

७३.२ पालिकाले सो गैह्र आवासिय भवनको प्राविधिक विलको आधारमा प्रथम रनिङ्ग विल गो.भौ.२।०८०।७।१५ बाट रु.२९४७९८२५।-,दोस्रो रनिङ्ग विलको मूल्याङ्कन रकम रु.३७०६१९५५।-मध्ये गो.भौ.७।०८१।३।१२ बाट रु.८२५००००।-,गो.भौ.८।०८१।३।१२ बाट रु.२८८११९४५।-तथा तेस्रो रनिङ्ग विलको मूल्याङ्कन रकम रु.३१४८१६०२।१३।-मध्ये गो.भौ.११।०८१।३।२० बाट रु.८२५००००।-र गो.भौ.१२।०८१।३।३० बाट रु.२३२३१६०२।-गरी हालसम्म रु.९८०२३३७३।१३ को भुक्तानी भएको छ । साथै सो फर्मलाई दिईएको पेश्कि रकम रु.२७५०००००।-मध्ये रु.१६५०००००।-फछ्र्यौट भएकोमा वाँकि रकम रु.११००००००।-फछ्र्यौट हुन वाँकि देखिन्छ । समयमा कार्यसम्पन्न गराई पेश्कि समेत नियमानुसार फछ्र्यौट हुनुपर्ने देखिन्छ ।

७३.३ सार्वजनिक खरिद नियमावली, २०६४ कोनियम ९(२) मा प्रोभिजनल समबाट खर्च भएको आइटमको छुट्टै बिल भरपाई पेश गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायीले प्रथम रनिङ्ग विलममा रु.३५५२१२।-को विमा रकमको खर्च दावी गरेकोमा सोहि अनुसारको भुक्तानी समेत दिएको पाईयो । तर निर्माण व्यवसायीले दावि गरेको रकम मध्ये Plant and machinery insurance को खर्च दावी रकम रु.५००००।-को प्रमाण पेश नगरेको तथा Woner and Staff insurance को रु.१०००००।-को खर्च दावी गरेकोमा रु.९०२०।-को मात्र विजक पेश भएकोले वाँकि रु.९०९८०।-सहित जम्मा रु.१४०९८०।-को प्रमाण पेश गरेको छैन । उक्त रकमको सम्वन्धितबाट असूल हुने, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४०,९८० |

७३.४

सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १२३ को उपनियम १(ख) अनुसार प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा विल विजकको भुक्तानी दिने उल्लेख छ । यस पालिकाको १५ शैया अस्पताल निर्माण कार्यको नापि गरी सम्पन्न नगरेको देहाय बमोजिमको कार्यको रु.११४७१७६.०० भुक्तानी (११।०८१।३।२० र ११।०८१।३।३० मा रनिङ्ग विल भुक्तानी गर्दा) गरेकोले बढी भुक्तानी गरेको रकम सम्वन्धित निर्माण व्यवसायीबाट असूल हुनुपर्दछ, रु.

| क्र.सं | कार्य विवरण | कार्य परीमाण | स्विकृत दर | बढी भुक्तानी रु. |
|---|---|---|---|---|
| १ | झ्याल (**BOQ Iteam no.31**) | १२६.९० व.मी. | ८०००।- | ११४७१७६.०० |
| | | | जम्मा | ११४७१७६.०० |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७९८,३३३.७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८०५,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,१०४,८९६.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१** को निर्णयले रू **१,५२९,५७३.६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,३५६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२२६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९३३,४०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,४७,१७६ |

७३.५

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **२७०,४५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

### ७४ गाउँपालिका भवन निर्माण

७४.१ पालिकाले प्रशासकिय भवन निर्माणको लागि २०७५ मा स्विकृत DPR अनुसार रु.४७९२८१३१।३४ को लागत अनुमान तयार गरी स्विकृत गरेको पाईयो । पालिकाले प्रथम चरणमा भवनको स्ट्रक्चर सहित भूईतल्ला र दोस्रो चरणमा पहिलो तल्लाको छुट्टाछुट्टै वोलपत्रको माध्यमबाट कार्य गराएकोमा दोस्रो तथा तेस्रो तल्लाको कार्यको लागि रु.२१४४३५७४।८७ को लागत अनुमान तयार गरेको पाईयो । सोहि अनुसार २०७८।१०।३ मा ठेक्का नं २/०७८-७९ बाट कम कवोल गर्ने फर्म भण्डारी विल्डर्स्।कामख्या।सत्यवती जे.भी.सँग २०७९।३।३० मा कार्यसम्पन्न गर्नेगरी रु.१६११०४३०।०३ मा सम्झौता भएको देखिन्छ । यसबर्ष निर्माण व्यवसायीले हालसम्मको

मूल्याङ्कन रु.१५९८५६०७।७५ सहित अन्तिम विलको रु.११३५८७९३।९३ को कार्य गरेकोमा पेश्कि कट्टा गरी पालिकाले गो.भौ.१९।०८०९।२६ बाट रु.८६५८७९४।-भुक्तानी दिएको पाईयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

७४.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने तथा स्विकृत हुनुपर्ने उल्लेख छ। पालिकाले DPR अनुसारको लागत अनुमानको आधारमा भूईतल्ला र पहिलो तल्लाको निर्माण गरीसकेकोमा २०७८।०७९ को जिल्ला दररेटको आधारमा दरविश्लेषण गरी पुनः लागत अनुमान रु२१४४३५७४।८७ को तयार गरेको गरेको पाईयो । तर सो लागत अनुमान स्विकृत विना नै खरीद प्रकृयाको सुरूवात गरेको देखियो । पालिकाले खरीद कार्य अगावै लागत अनुमान स्विकृत गर्नेतर्फ ध्यानदिनु पर्दछ ।

७४.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा निर्माण व्यवसायीले विशेष कारणवश खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता समाप्त हुनभन्दा २१ दिन अगावै म्यादथपको निवेदन दिनुपर्ने तथा सो उपर चित्त बुझेमा वोलपत्र स्विकृत गर्ने अधिकारीले म्याद थप्नसक्ने प्रावधान छ । पालिका भवन निर्माणको लागि तिन पटकसम्म गरी अन्तिम पटक २०८०।७।१ को निर्णयबाट २०८०।८।३० सम्मको म्यादथप गरेको पाईयो । नियमावलीमा म्यादथपको लागि निवेदन परेको तिस दिन भित्र म्यादथपको निवेदन उपर निर्णय गरीसक्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले निर्माण व्यवसायीबाट २०८०।४।१९ मा म्यादथपको निवेदन दर्ता गरेकोमा झण्डै ३ महिना पश्चात २०८०।७।१ मा मात्र निर्णय गरेको देखियो । पालिकाले सो म्याद थप भन्दा अगाडि पनि पटक पटक कार्य सुचारू गर्नको लागि निर्माण व्यवसायीलाई आग्रह गरेको तथा सो अवधीमा कार्य नगरेमा हर्जना लगाउनुपर्ने चेतावनी सहित स्पष्टिकरण माग गरेकोमा कार्यपालिकाको निर्णयअनुसार म्याद थप गरेको छ । यसरी पालिकाले पटक पटक पत्राचार गर्दा समेत कामको प्रगती नभएको तथा निर्माण व्यवसायीको कारणले समयमा काम नभएको अवस्थामा समेत हर्जना नलगाई म्याद थप गरीरहनु कानूनत उचित देखिएन । यसरी पटक पटक म्याद थप्ने पदाधिकारीहरूलाई जिम्मेवार बनाईनुपर्दछ ।

७४.४ सार्वजनिक खरीद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले खरीदकार्य गर्दा स्पशिफिकेशन तयार गर्नुपर्ने तथा सोको विवरण तयार गर्दा मालसामान, निर्माण कार्य वा सेवाको विशेषताहरु स्पष्टरुपमा बुझिने गरी उल्लेख गर्ने अर्को कुनै उपाय नभएको अवस्थामा बाहेक कुनै खास ब्राण्ड, ट्रेडमार्क, नाम, पेटेण्ट, डिजाइन, प्रकार, उत्पत्ति वा उत्पादकको नाम उल्लेख गर्न सकिने छैन भन्ने व्यवस्था छ। तर पालिकाले प्रशासकिय भवन निर्माणको लागि तयार गरेको BOQ को Iteam no 31, Supply Delevery and Installation Air Condition मा ए.सी. Samsung को २ टनको हुनुपर्ने उल्लेख गरी तयार गरेको पाईयो । यसरी कुनै कम्पनीको मोडल समेत तोकेर BOQ तयार गर्न नहुने तर्फ पालिका सचेत हुनुपर्ने देखिन्छ ।

७४.५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(२) मा निर्माण कार्यको भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनको प्राविधिक मूल्याङ्कन आधारमा भूक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीले पेश गरेको अन्तिम विल अनुसारको रकम पेश्कि कट्टा गरी गो.भौ.१९।०८०९।२६ बाट रु.८६५८७९४।–भुक्तानी दिएको छ । तर BOQ को Iteam no 31, Supply Delevery and Installation Air Condition मा सो ए.सी. Samsung को २ टनको हुनुपर्ने उल्लेख भएकोमा निर्माण व्यवसायीले Baltra कंपनीको १८ वटा ए.सी जडान गरेको आधारमा पालिकाले सोको समेत रु.११७०००।-भुक्तानी दिएको छ । सम्झौताको शर्त तथा BOQ अनुसारको सामान सम्वन्धित निर्माण व्यवसायीबाट प्रतिशथापन हुनुपर्दछ, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१७,००० |

७५ **सुरक्षित आवास**

७५.१ सुरक्षित नागरीक आवास कार्यन्वयन कार्यविधी, २०७५ को दफा ४ मा सम्वन्धित स्थानिय तहको समन्वयमा संघिय आयोजना कार्यान्वियन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनाले लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राहिले हाल प्रयोग गरीरहेको घरको क्षेत्रफल, गाह्रो आदिको आधारमा अनुसूची -१ वमोजिमको अंक प्रदान गरी प्रथमिकताको आधारमा सूचि तयार गर्ने उल्लेख छ । त्यस्तै अनुसूची १ मा जग्गाको स्वामित्व भएको, ढुङ्गाको, बाँस, चिरपट।कप्टेरोको गाह्रो भएको, खपटा, टायल, स्याउला, प्लाष्टिकको छाना भएको र जग्गाको क्षेत्रफल ३० वर्गफिट भन्दा कम भएकोलाई प्रथमिकता दिने उल्लेख छ । तर पालिकाले सुरक्षित नागरीक आवासको लागि सिफारीसमा परेका ३२० जना लाभान्वित मध्ये पहिलो बर्षमा ८१ जनाको, दोस्रो बर्षमा १२० जनाको, तेस्रो बर्षमा १२९ जनाको गरी ३३० जनाको आर्थिक बर्ष २०७९।८० सम्ममा सम्पन्न गरेकोमा पुनःयस बर्ष ३० जनाको घर बनाएको जनाई भुक्तानी दिएको छ । सो सम्वन्धि विवरण निम्नानुसार छन ।

७५.२ सुरक्षित नागरीक आवास कार्यन्वयन कार्यविधी, २०७५ को दफा ४ मा सम्वन्धित स्थानिय तहको समन्वयमा संघिय आयोजना कार्यान्वियन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनाले लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राहिले हाल प्रयोग गरीरहेको घरको क्षेत्रफल, गाह्रो आदिको आधारमा अनुसूची -१ वमोजिमको अंक प्रदान गरी प्रथमिकताको आधारमा सूचि तयार गर्ने उल्लेख छ । पालिकाले सिफारीस भएको लाभान्वित वर्ग ३२० को घर यस अगाडि नै सम्पन्न गरेकोमा पुनः निर्णय नभएका देहायका लाभान्वितको घर वनेको जनाई खर्च लेखेको छ । निम्नानुसारका लाभान्वितहरूलाई के के सूचकको आधारमा निर्णय क-कसले गरेको हो सो सम्वन्धमा पालिकाले प्रमाण पेश गरेको छैन । साथै अधिकांश वडा नं-१ मा मात्रै घर बनेको देखिएको छ । यसरी विना प्रमाण खर्च लेखेको रकम रु.१५०००००।-नियमसम्मत नदेखिएको, रु.

| गो.भौ.नं./ मिति | सुरक्षित नागरिक आवास | लाभग्राहि | वडा | रकम |
|---|---|---|---|---|
| ८।०८१।३।५ | सुरक्षित नागरिक आवास | ४ जना | १ | २००००० |
| ९।०८१।३।१२ | सुरक्षित नागरिक आवास | ६ जना | १,२,३ को ४ जना | ३००००० |
| १०।०८१।३।१२ | सुरक्षित नागरिक आवास | १ जना | १ | ५०००० |
| ११।०८१।३।१२ | सुरक्षित नागरिक आवास | ६ जना | २ | ३००००० |
| १२।०८१।३।१३ | सुरक्षित नागरिक आवास | ३ जना | १ | १५००० |
| १३।०८१।३।१३ | सुरक्षित नागरिक आवास | ३ जना | १ | १५०००० |
| १५।०८१।३।१६ | सुरक्षित नागरिक आवास | १ जना | २ | १००००० |
| १७।०८१।३।२१ | सुरक्षित नागरिक आवास | २ जना | १ | १५०००० |
| २०।०८१।३।२३ | सुरक्षित नागरिक आवास | १ जना | १ | ५०००० |
| २३।०८१।३।२४ | सुरक्षित नागरिक आवास | १ जना | १ | ५०००० |
| **जम्मा** | | **३०** | | १५००००० |

| अनियमित भएको | १५,००,००० |
|---|---|

## ७६ शहिद दिलेस स्मृति प्रतिष्ठान अधूरो भवन निर्माण

७६.१ पालिकाले शहिद दिलेस स्मृति प्रतिष्ठानको अधूरो भवन निर्माणको लागि रु.२७५०६१४।२८ को लागत अनुमान मध्ये रु.२५०००००।-पालिका योगदान तथा वाँकि कार्य उपभोक्ता समितिले व्यहोर्ने गरी २०८०।१२।९ मा सम्झौता गरेको देखियो । सम्झौता अनुसारको कार्य सम्पन्न गरेको जनाई उपभोक्ता समितिले पेश गरेको विल भरपाईको आधारमा पालिकाले गो.भौ.१९।०८१।३।२४ बाट रु.२३८०२८८।-भुक्तानी दिएको छ । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छन ।

७६.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । सार्वजनिक खरीद नियमावली¸ २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा फिल्डमा सुपरभाइजर नराख्ने तथा आफैंले समेत पर्याप्त रेखदेख नगरी निर्माण गर्नुपरेको अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाका विभिन्न उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई भुक्तानी गरेकोमा लागत अनुमानमा सिमेन्ट र रडको प्रयोग भएका आईटमको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार विश्लेषण गरेकोमा उपभोक्ताले कम दरमा सो सामानहरू खरीद गरेको विलको आधारमा पनि कार्यसम्पन्न रकम लागत अनुमान वरावर कै बनेको पाईएकोले उक्त सामानहरूको दरमा देहाय अनुसारको फरक भएको छ । सो रकमको उपभोक्ताको योगदान अंश कट्टा गरी हुन आउने रकम रु.१७००४४।-निर्माण कार्यको समितिबाट असुल हुनु पर्ने रु.

| क्र.सं | खरीद सामान | परिमाण | लागत अनुमान दर | विलको दर | फरक रकम | बढी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | सिमेण्ट | ३५४ | ८२० | ५७५।२२ | २४४।७८ | ७८७४९ |
| २ | रड | ३८२० | ११४ | ९०।५० | २३।५० | ९१२९५ |
| जम्मा | | | | | | १७००४४ |

| असुल गर्नुपर्ने | १,७०,०४४ |
|---|---|

७६.३ उल्लेखित भवन निर्माण अन्तर्गतको कार्य गत आर्थिक बर्षमा भूईतलाको कार्य भएकोमा पालिकाले यस बर्ष प्रथम तल्लाको रंगरोगन र झ्यालढोकाको पल्ला वाहेकको कार्य भएको छ । कार्यसम्पन्न हुनेगरी वजेट विनियोजन नहुने तथा क्रमागत योजना नभएकोले गर्दा गत बर्ष के कति काम भयो तथा यस बर्ष के कति कार्य भयो भनि आश्वस्त हुने आधार नहुने हुदा पालिकाले सो तर्फ ध्यान दिनुपर्दछ ।

७७ **सामान दाखिला नभएको**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९९,८६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

७८ **ऐरावती पिकनिक पार्क**

७८.१ पालिकाले ऐरावती पिकनिक पार्क निर्माणको लागि रु.३३०२७३५।९५ को लागत अनुमान मध्ये रु.३००००००।-पालिका योगदान तथा वाँकि कार्य उपभोक्ता समितिले व्यहोर्ने तथा २०८१।३।१५ सम्ममा सम्पन्न गर्ने गरी २०८१।२।६ मा सम्झौता गरेको देखियो । सम्झौता अनुसार ६७.५ मी. लम्वाई र ३.१५ मी. उचाईको पर्खाल, बाघको मूर्ति राख्ने स्ट्याण्ड १, बाघको मूर्ति १, चार वटा क्यामरा सहितको सि.सि. क्यामरा सेट, डेस्कटप कम्प्युटर एवं वाईफाई लगायतको कार्य गर्नुपर्नेमा बर्षान्तमा १ महिनाको समयसिमा तोकि कार्य आदेश दिएको पाईयो । उपभोक्ता समितिले सम्झौता अनुसारको कार्य२०८१।३।१५ मा रु.३२७६९२२।-मा सम्पन्न गरेको जनाई पेश गरेको विल भरपाईको आधारमा पालिकाले गो.भौ.२९३।०८१।३।२४ बाट रु.२८५४१८६।-भुक्तानी दिएको छ । पालिकाले समयमा सम्झौता तथा कार्य गर्न गराउनुपर्ने देखिएकोमा बर्षान्तमा कार्य सम्झौता गर्ने परीपाटीमा सुधार हुनु जरूरी देखिन्छ ।

७८.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । सार्वजनिक खरीद नियमावली¸ २०६४ को नियम

९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा फिल्डमा सुपरभाइजर नराख्ने तथा आफैंले समेत पर्याप्त रेखदेख नगरी निर्माण गर्नुपरेको अवस्था छ । साथै उपभोक्ता समितिले लागत अनुमानमा प्रयोग भएको ५८६ बोरा सिमेण्टको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार रु.८२०।- मा गरेकोमा उपभोक्ताले रु.५५३।-(ढुवानी वाहेक)को मात्रै दरमा सिमेण्ट खरीद गरेको विलको आधारमा पनि कार्यसम्पन्न रकम लागत अनुमान वरावर कै बनाएको पाईएकोले मूल्याङ्कन रकम रु.३२७६९२२।-मध्ये रु.१७६८०२।-बढीको मूल्याङ्कन भएको छ । पालिकाले सो रकमको उपभोक्ताको योगदान अंश कट्टा गरी हुन आउने रकम रु.१५९१२२।-निर्माण कार्यको समितिबाट असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५९,१२२ |

७९ **बाल बगैंचा सौन्दर्यिकरण**

७९.१ पालिकाले वाल वगैंचा सौन्दर्यिकरण कार्यको लागि रु.११००२२०।३८ को लागत अनुमान मध्ये रु.१००००००।-पालिका योगदान तथा वाँकि कार्य उपभोक्ता समितिले व्यहोर्ने तथा २०८१।३।१५ सम्ममा सम्पन्न गर्ने गरी २०८१।२।७ मा सम्झौता गरेको देखियो । सम्झौता अनुसार १०८.२४ मी. को घेरावार पर्खाल र गेट समेतको कार्य गर्नुपर्नेमा बर्षान्तमा १ महिनाको समयसिमा तोकि कार्य आदेश दिएको पाईयो । उपभोक्ता समितिले सम्झौता अनुसारको कार्य २०८१।३।१५ मा रु.११०२८२५।१७ मा सम्पन्न गरेको जनाई पेश गरेको विल भरपाईको आधारमा पालिकाले गो.भौ.१६।०८१।३।२३ बाट रु.९६००००।-भुक्तानी दिएको छ । पालिकाले समयमा सम्झौता तथा कार्य गर्न गराउनुपर्ने देखिएकोमा बर्षान्तमा कार्यको लागि सम्झौता गर्दा गुणस्तरीय कार्य नहुने तथा आकस्मिक गरीने खरिदमा मितव्ययी समेत नहुने हुँदा समयमा नै कार्य गर्नु गराउनु पर्दछ ।

७९.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । सार्वजनिक खरीद नियमावली¸ २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा फिल्डमा सुपरभाइजर नराख्ने तथा आफैंले समेत पर्याप्त रेखदेख नगरी निर्माण गर्नुपरेको अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाका विभिन्न उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई भुक्तानी गरेकोमा लागत अनुमानमा सिमेन्ट, रड र ईट्टाको प्रयोग भएका आईटमको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार विश्लेषण गरेकोमा उपभोक्ताले कम दरमा सो सामानहरू खरीद गरेको विलको आधारमा पनि कार्यसम्पन्न रकम लागत अनुमान वरावर कै बनेको पाईएकोले उक्त सामानहरूको दरमा देहाय अनुसारको फरक भएको छ । सो रकमको उपभोक्ताको योगदान अंश कट्टा गरी हुन आउने रकम रु.१५९४६७।-निर्माण कार्यको समितिबाट असुल हुनु पर्ने रु.

| क्र.सं | खरीद सामान | परिमाण | लागत अनुमान दर | विलको दर | फरक रकम | बढी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | सिमेण्ट | १६६ | ८२०।- | ५८४।०७ | २३५।९३ | ३९८३० |
| २ | रड | ५८१.५८ | ११४।- | ९७।३४ | १६।६६ | ९८५३ |
| ३ | ईट्टा | ११७८५ | १९।०४ | ९।८८ | ९।१६ | १०९७८४ |
| जम्मा | | | | | | १५९४६७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५९,४६७ |

८०	**एक घर एक धारा निर्माण**

८०.१ पालिकाले वडा नं-१ मा वडास्तरीय खानेपानी कार्यक्रम अन्तर्गत एक घर एक धारा निर्माणको लागि वार्षिक विनियोजित वजेट अनुसार रु.१० लाख विनियोजन गरेको पाईयो । पालिकाले सो वजेटबाट डिष्ट्रिव्युसन च्याम्वर-१, ९.०५ कि.मी.पाईप लाईन विस्तार साथै १९७ धारा निर्माणको लागि वजेट अपर्याप्त हुने जनाई रकमान्तरबाट रु.९५००००।-थप गरी सो योजनाको लागि रु.२१७३३६२।-को लागत अनुमान तयार गरेको पाईयो । पालिकाले सो कार्यको लागि उपभोक्ता समितिसँग २०८१।३।१५ मा कार्यसम्पन्न गर्नेगरी २०८०।१०।२३ मा सम्झौता गरेको देखिन्छ। उपभोक्ता समितिले सम्झौता अनुसारको कार्य २०८१।३।१४ मा रु.२१५९१८४।-मा सम्पन्न गरेको जनाई पेश गरेको विल भरपाईको आधारमा पालिकाले गो.भौ.२७७।०८१।३।२२ बाट रु.१८५७८२२।-भुक्तानी दिएको छ । सो सम्नधी अन्य विवरण निम्नानुसार छन ।

८०.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । सार्वजनिक खरीद नियमावली¸ २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा फिल्डमा सुपरभाइजर नराख्ने तथा आफैंले समेत पर्याप्त रेखदेख नगरी निर्माण गर्नुपरेको अवस्था छ । साथै उपभोक्ता समितिले लागत अनुमानमा प्रयोग भएको ३६३ बोरा सिमेण्टको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार रु.८२०।- मा गरेकोमा उपभोक्ताले रु.६३७।१६(ढुवानी वाहेक)को मात्रै दरमा सिमेण्ट खरीद गरेको विलको आधारमा पनि कार्यसम्पन्न रकम लागत अनुमान वरावर कै बनाएको पाईएकोले मूल्याङ्कन रकम रु.२१५९१८४।-मध्ये रु.५४३३८।-बढीको मूल्याङ्कन भएको छ । पालिकाले सो रकमको उपभोक्ताको योगदान अंश कट्टा गरी हुन आउने रकम रु.४८९०४।-निर्माण कार्यको समितिबाट असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,९०४ |

८१	**अग्रीम आयकर**

अग्रीम आयकरः आयकर ऐन,२०५८ को दफा ८९ मा भाडा रकमको भुक्तानी गर्दा ढुवानी कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका भौचरहरूबाट ढुवानी कर कट्टा गर्नुपर्नेमा गरेको नपाईएकोले नियमानुसार कर असूल हुनुपर्ने रु.

| क्र.सं. | शिर्षक र भौचर | कार्य विवरण | नपुग कर |
|---|---|---|---|
| १ | ५४ गा.पा.पूँजीगत | कोल बाहुन टोल सडक मर्मत | ६००० |
| २ | १७५ गा.पा.पूँजीगत | बैरेनी ठाडो कूलो मर्मत | ५१०० |
| ३ | १८२ गा.पा.पूँजीगत | नूनथला बाहुनटोल मोटरबाटो | ८१०० |
| जम्मा | | | १९२००।- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,२०० |

८२	**बढी परिमाण भुक्तानी**

पालिकाले वनदेवी मन्दिर निमार्ण योजनामा Single brick work in १:४ C.S आइटममा ढोकाको भाग घटाई गारोको नापि मुल्याङ्कन गर्नुपर्नेमा सो नघटाएकोले बढी मुल्याङ्कन भएको छ । सो वापतको रकम पालिकाले भौ नं.१४१ (गा.पा.पुजिगत) बाट भुक्तानी दिंदा ०.२७ परीमाणमा दररेट रु. १७७२२।९१ ले हुन आउने रकम रु.४७८५।-असूल हुनुपर्ने,रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,७८५ |

८३	**बढी मूल्य**

पालिकाले गापाको प्रत्येक वडामा जडान गर्नको लागि गो.भौ.१८०(गापा चालु) बाट RO plus UV plus UF पानि फिल्टर खरीद गरिएको छ । जडान गरिएको पानि फिल्टरको बजार मुल्य प्रति फिल्टर रु.६०००।-दरले ६ वटा को जम्मा रु.३६०००।-बढी भुक्तानी गरीएको छ । पालिकाले यसरी बढी दरमा सामान खरीद गरी बढी व्ययभार पारेको, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,००० |

८४ **नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । पालिकाले गौ.भौ.२८२ (गापा पुजिगत) बाट नाफाको उद्देश्यले संचालन हुने संस्था झिमरुक बहुद्वेश्यि कृर्षि सहकारी संस्थाको भवन निमार्णका लागि रु१८००००।-रकम भुक्तानी गरिएको छ । नाफामुलक संस्थालाई संचालन खर्च व्यहोरेको रकम नियमसंगत नदेखिएको खर्च रु.

| | |
|---|---|
| अनियमित भएको | १,८०,००० |

८५ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १०मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । देहायका उपभोक्ता समितिहरुले गरेको निर्माण कार्यमा निर्माण व्यवसायीको विल संलग्न रहेको देखिएकोले उपभोक्ता समिति आफैले निर्माण कार्य गरेको पुष्टि हुदैन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| **भौ.नं.** | **कार्य/उपभोक्ता समिति** | **प्रयोग गरेको उपकरण** | **निर्माण व्यावसायि** | **पेश गरेको बिल रकम रु** | **लागत अनुमान (श्रमदान सहित)** | **कुल खर्च (श्रमदान बाहेक)** |
|---|---|---|---|---|---|---|
| ५१ २०८०।११।२ | सुकै हर्नघाट मोटर बाटो निर्माण | जे.सि.भि | रमण निर्माण सेवा | १६०३०३ | १६६३०३।६६ | १४४००० |
| १६५।२०८०।०१।१२ | ढिकाचौर बैसघाट मोटर बाटो निर्माण | जे.सि.भि | ओमझानी निर्माण | २८०६२० | ३३०५४९ | २५०७०० |
| १७४।२०८१।०१।१४ | विजुलिकोट सडक स्तरोउन्नति | जे.सि.भि | के एण्ड बि कन्सट्रक्सन | ५५७४० | २२१९१३ | ४८०००० |
| २१०।२०८१।०२।१६ | खेलमैदान निर्माण नेपानी | जे.सि.भि | ओमझानी निर्माण | ३१९८०० | ३३०७४४।५७ | ३३११६०।३६ |
| २७२।२०८०।०३।२२ | २नं.वडा स्तरीय मोटरबाटो मर्मत तथा बिस्तार | जे.सि.भि | ओमझानी निर्माण | ४२४१५४।८० | ४४०६५४।८९ | ३७२५२६।- |

८६ **फरक दरमा सिमेन्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा फिल्डमा सुपरभाइजर नराख्ने तथा आफैंले समेत पर्याप्त रेखदेख नगरी निर्माण गर्नुपरेको अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाका विभिन्न उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई भुक्तानी गरेकोमा लागत अनुमानमा सिमेन्ट प्रयोग भएका आईटमको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार विश्लेषण गरेकोमा उपभोक्ताले कम दरमा प्रयोग गरेको विलको आधारमा पनि कार्यसम्पन्न लागत अनुमान वरावर कै बनेको पाईएकोले उक्त सिमेन्टको दरमा देहाय अनुसारको फरक भएको छ । सो सम्वन्धमा पालिकाले जिल्लामा प्रचलित दररेट भन्दा जिल्ला दररेट बढी भएकोले यस्तो भएको भन्ने कार्यालयको भनाई रहेको छ । यसरी सो रकमको उपभोक्ताको योगदान अंश कट्टा गरी हुन आउने रकम रु.८७६१७३।-देहाय अनुसारका निर्माण कार्यको समितिबाट असुल हुनु पर्ने रु.

| क्र.सं | भौ नं. | निर्माण कार्य । उ.स.को नाम | परिमाण | लागत अनुमान दर | विलको दर | फरक रकम | बढी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | ९७।०८०।११।२९ | हरिया खोला ढावाङ सिंचाइकुलो निर्माण | ८० ३६ | ८२० ।- ८२० ।- | ६०० ।- ७५२। २१ | १७६०० ।- २४४०।४४ | १५८४० २१९६ |
| २ | ११६।२८०।१२।४ | दरघालि पिपले कुलो निर्माण | १२४ | ८२०।- | ६०० ।- | २७२८० ।- | २४५५२ |
| ३ | १३१।१२।०६ | झिवाङ माझटोला देखि खत्री टोल मो बा निर्माण | १३३ | ८२०।- | ६०० ।- | २९२६० ।- | २६३३४ |
| ४ | १३८।२०८०।१२। ०७ | सराङ बेसि उपल्लो फाँट गोल्जा डाबर सिंचाई | ११० | ८२०।- | ६७२। ५६ | १६२१८।४ | १४५९६ |
| ५ | १५।२०८१।०३।१९ | तल्लो मान्द्रे बस्ती संरक्षण | २३० | ८२०।- | ५५० ।- | ६२१०० ।- | ५५८९० |
| ६ | ६।२०८०।११।२९ | पाटेश्वरी प्राथमिक विद्यालय फिल्ड निर्माण | २१२ | ८२०।- | ७५२। २१ | १४३७१। ४८ | १२९३४ |
| ७ | १५६।२०८०।१२। २८ | जाडी सिंचाइ कुलो निर्माण | १०८ | ८२०।- | ५८०।- | २५९२० ।- | २३३२८ |
| ८ | १५८।२०८०।१२। २८ | चाक्लाघाट सिंचाइ कुलो निर्माण | १५० | ८२०।- | ५८०।- | ३६००० ।- | ३२४०० |
| ९ | १७४।२०८१।१।१४ | बिजुलिकोट सडक स्तरोन्नति | ९० | ८२०।- | ५३०।- | २६१०० ।- | २३४९० |
| १० | १८५।२०८१।०१। २७ | द्वारेघाट हरियाटारि कजवये निर्माण | १४० | ८२०।- | ५५०।- | ३७८०० ।- | ३४०२० |
| ११ | १८८।२०८१।०१। २७ | जुडा तल्लो सिंचाइ कुलो मर्मत | १२४ | ८२०।- | ५५०।- | ३३४८० ।- | ३०१३२ |
| १२ | १९०।२०८१।०१। २८ | हरिया गाउँ महिला सामुदायिक भवन निर्माण | १४२ | ८२०।- | ७०७। ९६ | १५९०९। ६८ | १४३१८ |
| १३ | १९१।२०८१।१।३० | तिल्केनि चुत्रेनि सिख्रे खा पा पाइप तथा धारा विस्तार | १२० | ८२० ।- | ६६३। ७१ | १८७५४।८ | १६८७९ |
| १४ | १९६।२०८१।१।३१ | झिवाङ्ग फाँट टापु कुलो मर्मत | २१० | ८२० ।- | ५८० ।- | ५०४०० ।- | ४५३६० |
| १५ | २१८।२०८०।०२। १७ | खवाङ फाट सिंचाइ कुलो निर्माण | १२३ | ८२० ।- | ५७५ ।- | ३०१३५ ।- | २७१३१ |
| १६ | ४१।२०८०।१०।२९ | धुवाङ डोड खोला भकुण्डेपाटा सिचाइ कुलो निर्माण | १९२ | ८२० ।- | ५३० ।- | ५५६८० | ५०११२ |
| १७ | ७६।२०८०।११।१३ | पिपल चौर सिंचाइ कुलो निर्माण | १२६ | ८२० ।- | ५८४।- | २९७३६ | २६७६२ |
| १८ | ५२।२०८०।११।०२ | जाडि सिंचाइ कुलो मर्मत | २०४ | ८२० ।- | ५८०।- | ४८९६० | ४४०६४ |
| १९ | ८३।०८०।११।२१ | ऐरावती खेलकुद विकास समिति | २३९ बोरा | ८२०।- | ६९८।- | १२२।- | २६२४२ |
| २० | ११५।०८०।१२।४ | धुईवाङ्ग- गोठिवाङ्ग फाँटैकुलो | १८१ बोरा | ८२०।- | ७५२।- | ६८।- | ११०७७ |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | २।०८०।१०।१ | सामुदायिक टोल- नवराज श्रेष्ठ घर- सडक स्तरोन्नती | ३०८ बोरा | ८२०।- | ६६४।- | १५६।- | ४३२४३ |
| २२ | ३।०८०।११।१८ | दहटोलवस्ति संरक्षण उपभोक्ता समिति | १४७ बोरा | ८२०।- | ६४६।- | १७४।- | २३०२० |
| २३ | ४।०८०।११।३० | अर्लावाङ्ग अधुरो बाटो नालासहित ढलान | २९२ बोरा | ८२०।- | ६००।- | २२०।- | ५७८१६ |
| २४ | ७।०८०।१२।२८ | रातेखोला महेन्द्रदेव सडक खण्ड वडा नं. ६ | १९३ बोरा | ८२०।- | ५३०।- | २९०।- | ५०३७३ |
| २५ | १३।०८१।३।२३ | जनता मा वि वालमैत्री विकास समिति निर्माण | ४९ बोरा | ८२०।- | ५३१।- | १८९।- | १२७४५ |
| २६ | १४।०८१।३।२३ | पाटेश्वरी प्रा वि वालमैत्री विकास समिति | ५९ बोरा | ८२०।- | ६२०।- | २००।- | १०६२० |
| २७ | १५।०८१।२।१ | जनकल्याण आ वि वालमैत्री विकास समिति निर्माण | ८९ बोरा | ८२०।- | ५७५।- | २४५।- | १९६२४ |
| २८ | १९०।०८१।१।२८ | हरिगाउँ महिला सामाजिक भवन निर्माण | १४२ बोरा | ८२०।- | ७०८।- | ११२।- | १४३१३ |
| २९ | १९९।०८१।२।१ | टाकुरा लिफ्ट सिंचाई कुलो निर्माण | १८४ बोरा | ८२०।- | ७१०।- | ११०।- | १८२१६ |
| ३० | २५९।०८१।३।१८ | ठाडो डुवा वाजावारी कलको निर्माण | १४४ बोरा | ८२०।- | ७५२।२१ | ६८।- | ८८१३ |
| ३१ | २७७।०८१।३।२२ | वडा स्तरीय खानेपानी योजना एकघर एक धारा | ३६३ बोरा | ८२०।- | ७३७।१६ | १८२।८४ | ५९७३३ |
| जम्मा | | | | | | | ८७६१७३ |
| | | | | | | असुल गर्नुपर्ने | ८,७६,१७३ |

८७ **अध्यक्षसँग युवा कार्यक्रम मा भएको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ।त्यसैगरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३ (४) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको सहलगानी वा साझेदारिमा सञ्चालन हुने कार्यक्रम वा आयोजना बाहेकको कार्यक्रम वा आयोजना सञ्चालन गर्दा एक आपसमा दोहोरो नपर्ने गरी सञ्चालन गर्नु पर्नेछ भनी उल्लेख छ। पालिकाले गाउँसभाबाट पारीत योजनाहरू मात्र कार्यान्वयनमा ल्याउनुपर्नेमा अध्यक्ष लक्षित छनौट भएका देहायका विभिन्न कार्यक्रमहरू सञ्चालन गरी रु. २००००००।-खर्च गरेको छ । पालिकाले व्यक्तिको निवेदन, सम्झौता, खरिद गरेको बिल तथा फोटोको आधारमा मात्रै भुक्तानी गरेको छ। व्यक्तिगत खर्चमा ठूलो लगानी गर्नु तथा कार्यक्रम छनौट गर्दा संघिय कार्यक्रम सँग दोहोरो हुने गरी खर्च गरेकोले पालिकालाई व्ययभार बढेको देखियो।

| क्र सं | व्यक्तिको नाम | पालिकाबाट भुक्तानी रकम | खरिद गरेको सामाग्री/ बस्तु | कुल रकम |
|---|---|---|---|---|
| १ | डुक बहादुर पुन मगर | १००००० | ७ वटा बोयर बोका | २०५००० |
| २ | रोम बहादुर घर्ति मगर | ५०००० | मौरी घार गोला १३ वटा | १०४००० |
| ३ | पुरन सिंह भण्डारी | २०००० | बोयर बोका क्रस १४ वटा | ४१०००० |
| ४ | पदम बहादूर राउत | ५०००० | दाना, चल्ला आदि | १००५०० |
| ५ | सन्त बहादुर गाईन | ५०००० | दाना चल्ला आदि | १०२८०० |
| ६ | खिम बहादुर श्रेष्ठ | २००००० | औषधी, चल्ला, दाना आदि | ४१९४४४ |
| ७ | माधव बहादुर थापा मगर | १५०००० | मौरी गोला घार सहित २६ | ३०१००० |
| ८ | मदन बहादुर बुढाथोकी | २००००० | चल्ला, कुखुरा, दाना लगाएत | ४०८०६४ |
| ९ | प्रेम बहादुर पुन | ३००००० | बोका, ज्ञानधारा, बाख्रा | ६०३००० |
| १० | भुप बहादुर थापा मगर | ५०००० | बोयर बाख्रा | १०५००० |
| ११ | धनमाया घर्तिमगर | १००००० | बोयर बाख्रा, पाठा खरिद | २१०००० |
| १२ | सम्भु नेपाली | १००००० | कागती ,सुन्तला, आप | २२३८०० |
| १३ | गणेश श्रेष्ठ | १५०००० | उन्नत जातको भैसी खरिद | ३००००० |
| १४ | द्रोण प्रसाद पाण्डे | १००००० | पाईप,सिमेन्ट,गेट निर्माण । | २००४७५ |
| १५ | खुम प्रसाद बेल्बासे | २००००० | बोयर बाख्रा खरिद, मौरीका घार खरिद | ४०९००० |
| जम्मा | | २०००००० | जम्मा | ३९१७५८३ |

## ८८ लिफ्ट खानेपानीको विद्युत महशुल भुक्तानीमा छुट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ।पालिकाले लक्षित वर्गको लागि विनियोजन गरेको रकम लक्षित वर्गको दिगो पूँजी निर्माण तथा उत्थानमा खर्च गर्नुपर्नेमा सम्पूर्ण वडाका नागरिकले २० युनिट सम्म खपत गरेको लिफ्ट खानेपानी योजनाको विद्युत महुशल ५० प्रतिशत गाउँपालिकाबाट भुक्तानी हुने निर्णय गरी गो भौ ३३१।२०८१।०३।२२ बाट यस आर्थिक वर्षमा रु. ९९३१९३।- खर्च गरेको छ ।लक्षित वर्ग कार्यक्रम अन्तर्गत घरायसी प्रयोजनमा प्रयोग हुने सामग्री तथा नागरिकहरुको लिफ्ट खानेपानीको विद्युत महशुल भुक्तानी गर्ने जस्ता कार्य ऐन नियम अनुसार नदेखिएकोले यस प्रकारको कार्यक्रम नियमसम्मत देखिएन।यस प्रकारको कार्यक्रममा नियन्त्रण हुनु पर्दछ।

## ८९ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ ।कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, विपरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । पालिकाले जेष्ठ नागरीकलाई वस्तुगत सहायता बाहेक अन्य कार्यक्रम मार्फत सम्मान गर्न सकिनेमा अल्पकालिन वस्तुगत सहायता गरेकोले पालिकाले मनन गर्नुपर्ने देखिन्छ ।

| कार्यक्रमको नाम | वितरण | रकम |
|---|---|---|
| जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा नं ६ | कपर बोटल स्टिल कप ५३ थान क्रमशः | ५०००० |
| जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा नं ६ | हर्लिक्स १ के.जी., स्याउ १ के.जी.ङ बिस्कुट २ पाकेट | ५०००० |
| जेष्ठ नागरिक सम्मान कार्यक्रम | १५० थान छाता | ९९६५० |

## ९० एम्बुलेन्सको आम्दानी

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६९ अनुसार पालिकालाई प्राप्त हुने आम्दानी सञ्चित कोषमा जम्मा गर्नुपर्दछ । पालिकाले सञ्चालन गरेको एम्बुलेन्सले स्थानीय जनतालाई सेवा उपलब्ध गराएवापत आर्जन गरेको आयलाई रसिद काटेर आम्दानी जनाई सन्चित कोष खातामा आम्दानी बाध्नुपर्नेमा पालिकामा सो को आम्दानी देखिएन। आ.ब. २०८०।८१ मा पालिकाले एम्बुलेन्स मर्मत सम्भारको लागि रु.३९१२४५।–सगरमाथा अटो भिलेजलाई भुक्तानी गरेको छ ।यसवाट पालिकाको वास्तविक आम्दानी र वास्तविक खर्चको लेखांकन नहुने साथै आम्दानी पालिकामा जम्मा नहुने र खर्च मात्र भुक्तानी गर्ने हो भने रकमको गलत प्रयोग हुने सम्भावना हुने हुनाले सम्पुर्ण आम्दानी रकम आय खातामा जम्मा गरी विनियोजित वजेटवाट इन्धन, मर्मत लगायतका काममा भुक्तानी दिनुपर्दछ ।

## ९१ ननफाइलर

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहायको फर्मलाई मू.अ.कर भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । अत सो मूल्य अभिवृद्धि कर विवरणको समायोजन पत्र पेश हुने, रु.

| गो.भौ.नं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | विजक नं।मिति | नन्फाइलर रहेको मिति | भुक्तानी रकम | मूअ कर रकम |
|---|---|---|---|---|---|---|
| २५३।<br>२०८१-०२-३१ | पेन्सिल टेक्नोलोजीज प्रा लि | ६१०२३३४१० | ११३।<br>२०८०-१२-२९ | २०८० बैशाख | ६१८००० | ८०३४० |
| | | | | | प्रमाण पेश नगरेको | ८०,३४० |

## ९२ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।पालिकाले विभिन्न स्वीकृत दरबन्दी र कार्यक्रम करार तथा स्वास्थ्य तर्फका प्राविधिक पदमा ४२ जना कर्मचारीहरू करारमा राखि रु.७००७९२९।- खर्च लेखेको विवरण पेश गरेको छ । कार्यालयले स्थायी पदपूर्ति तर्फ ध्यान दिनुपर्दछ ।

## ९३ घर निर्माण

यस बर्ष पालिकाको मिति २०८०।१२।६ को निर्णयले बिपन्न महिला भनि ऐरावति गाउँपालिका वडा नं.२ बस्ने श्यामकलि बि.क.को घर निर्माणका लागि ३५०००००।- बजेट छुट्याएको पाइयो । उक्त घर निर्माणका लागि ३५०००००।-को लागत अनुमान तयार गरि मिति २०८१।२।१ मा श्यामकलि बि.क. र गाउँपालिका विच घर निर्माणका लागि ३५०००००।- दिने गरि सम्झौता गरेको देखिन्छ । पालिकाले २०८१।३।१७ मा पेश गरिएको कार्य सम्पन्न प्रतिवेदनमा ३५०००००।-मा निर्माण कार्य सम्पन्न भएको देखियो भने गो.भौ.नं. २६२।०८१।३।१९ मार्फत ३५०००००।-भुक्तानि समेत भएको देखिन्छ । यस सम्बन्धि अन्य व्यहोरा देहाय बमोजिम रहेको छ-

• पालिका मार्फत गरिएको खर्च बाट निर्माण गरिएको घरको पालिकाले अनुगमन नगरि भुक्तानि दिएको ।

• कुनै मापदण्ड तथा कार्यविधि समेत तयार नगरि घर निर्माणका लागि बजेट छुट्याइएको ।

• लागत अनुमान र कार्यसम्पन्न बराबर रकम उल्लेख हुँदा विश्वसनिय नरहेको ।

• समय अभाबका कारण सम्बन्धित ब्यक्ति सँग बुझ्न नसकिएको ।

९४ **सफ्टवयेर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष देहाय अनुसारका सफ्टवेयर खरिद गरी रु.१४७८३४०।- खर्च गरेकोमा खरिद गरिएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । स्वीकृती नलिई सफ्टवयेर खरिद गर्ने र सोको सुचना प्रविधी लेखापरीक्षण समेत नगराउँदा सरकारी सूचनाको संरक्षणमा जोखिम बढेकोले यसमा सुधार हुनुपर्दछ ।

| भौ.नं./मिति | आपूर्तक | सफ्टवेयरको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १२५।२०८०।११।११ | एप्रिकोट भेञ्चर्स प्रा लि | स्मार्ट बोड जडान कार्य | ७८०००० |
| २५३।२०८१।२।३१ | पेन्सिल टेक्नोलोजीज प्रा लि | कर्मचारी डिजिटल लकबुक | ६९८३४० |
| | | **जम्मा** | **१४७८३४०** |

९५ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कार्य गराउन नसक्ने अवस्थामा मात्र परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ ।पालिकाले यो वर्ष देहाय बमोजिमको सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, मध्यमकालिन खर्च संरचना तयारी, संगठन तथा व्यवस्थापन सर्वेक्षण, सेवाग्राही सन्तुष्टी सर्वेक्षण लगायतको कार्य विभिन्न परामर्शदाताबाट गराई रू. ५९६१०८।- भुक्तानी गरेको छ ।पालिकाले यस्तो अध्ययन कार्य गराउँदा कार्यालयमा उपलब्ध जनशक्तिबाट गराउनेतर्फ प्रयत्न गरेको देखिएन। पालिकाले विभिन्न ३ परामर्शदाताबाट प्रस्ताव माग गरी सोमध्ये न्यूनतम लागतको प्रस्ताव स्वीकृत गरी विनियोजित बजेटकै हाराहारीमा रकम खर्च गरेको छ । पालिकाले आफ्नै जनशक्तिबाट सम्पन्न गर्नसक्ने कार्य समेत परामर्शदाताबाट गराउँदा परामर्शदाताको योग्यता, क्षमता तथा विज्ञता स्पष्ट गरेको छैन।साथै प्रतिवेदन कार्यान्वयनमा समेत गएको अवस्था छैन । यस प्रकारको खर्चले पालिकालाई अतिरिक्त व्ययभार परेको छ ।अतः पालिकाले यस प्रकारको कार्य गराउँदा सम्भव भए सम्म कार्यालयकै जनशक्तिको अधिकतम प्रयोग गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्दछ । साथै सोको संस्थागत सम्झनाको निम्ति अनिवार्य रूपमा जिन्सी दाखिला गरी वेवसाइटमा समेत सार्वजनिक गर्नुपर्दछ ।

| भौ.नं./मिति | परामर्शदाता | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २९३।०८१।३।१७ | पर्ल इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा लि | हरियो खोला जाबुने सडक डि पि आर | ४९७६०८ |
| ३५५।०८१।३।२४ | | मध्यकालिन संरचना निर्माण | ९८५०० |
| जम्मा | | | ५९६१०८ |

९६ **बढी तलब भुक्तानी**

शिक्षा नियमावली, २०५९ को नियम १०० अनुसार शिक्षकले आफ्नो पदमा बहाल रहँदासम्म नेपाल सरकारले तोकिदिए बमोजिमको तलब र भत्ता तथा अन्य सुविधा पाउने व्यवस्था छ। माण्डवी प्राथमिक विद्यालय लामिदमारका शिक्षक हिम बहादुर कुवरको चौथो त्रैमासिकको भुक्तानीमा पोशाक भत्ता दोहोरो भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

९७ **म.ले.प.फारामको प्रयोग**

भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण

अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरेको छैन

- म.ले.प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,
- म.ले.प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,
- म.ले.प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको
  अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।

९८ **बेरुजु लगत**

नगरपालिकाले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । निम्नानुसार बेरुजु लगतका लागि स्वीकृत भएका म.ले.प फारामको व्यवस्था गरेको पाईएन ।

- म.ले.प. फाराम, ८०१ बेरुजु लगत नराखेको,
- म.ले.प. फाराम ८०२, बेरुजुको कार्यालयगत प्रतिवेदन तयार नगरेको,
- म.ले.प. फाराम ८०५, सम्परीक्षण गोश्वारा अभिलेख नराखेको,
  अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

९९ **वन पैदावार आय असूल नभएको**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

१०० **बढी डोरहाजिरी भरी भुक्तानी भएको**

सार्वजनिक खरीद नियमावली¸ २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको कार्यसम्पादन पश्चातको भुक्तानी गर्दा उपभोक्ता समितिहरूले खरीद गरेको सामाग्रीहरुको परीमाण वरावरको खपत भएको छ कि छैन सोको समेत मूल्याङ्कन गर्नुपर्नेमा प्राविधिक विलको आधारमा मात्रै भुक्तानी दिएको पाईयो । कार्यालयले उपभोक्ता समिति मार्फत सम्पन्न गरेका देहायका आयोजनामा भवन तथा विभागद्धारा जारी गरीएको नर्मस प्रयोग गरेकोमा सो नर्म्स भन्दा बढी ज्यामी ज्याला खपत गरेर कार्यसम्पन्न देखाएको पाईयो । नमूना लेखापरीक्षण गर्दा देहायका भौचरहरुबाट नर्म्स भन्दा बढीको खपत देखाएको छ जसले गर्दा खर्च रकममा बृद्धि हुने देखिन्छ । कार्यालयले सोमा ध्यान दिनुपर्दछ ।

| गो भौ नं | योजनाको नाम | नर्मस अनुसार | | पेश भएको | | बढी रकम रु. |
|---|---|---|---|---|---|---|
| | | दक्ष | अदक्ष | दक्ष | अदक्ष | |
| ११० गा पा पुजिगत | उदिक लिफ्ट सिचाइ कुलो निमार्ण | १९ | ७८ | ३५ | ८२ | ३२८४० |
| १८० गा पा पुजिगत | उपल्लो मलवाङ्ग सिचाइ कुलो शिवाथान देखी पत्रेखोला | २९ | १४१ | २९ | १६४ | १८८६० |
| १९९ गा पा पुजिगत | टाकुरा लिफ्ट सिचाइ कुलो अधुरो निमार्ण योजना | ७७ | ४६० | १०० | ५०३ | ६१२५० |
| २८८ गा पा पुजिगत | ऐरावती खेलकुद मैदान | ३०२ | ११५२ | ३२० | १२८८ | १३१८६० |
| २२ शिक्षा चालु | जनकल्याण प्रा वि रानीवास | ५० | १५७ | ५० | २७२ | ९४३०० |
| | | | | | **जम्मा** | **३३९११०** |

१०१ **उपभोक्ता समिति मार्फत कार्य**

१०१.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

१०१.२ कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको २४४ वटा उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु ३ करोड ३७ लाख ९४ हजार भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

१०१.३ **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको र केहिमा त्यस्तो सिफारिस समेत संलग्न नगरेको समेत देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

१०१.४ **जनसहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वियन गर्दा अधिकांश योजनामा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

१०१.५ कामको नापजाच कतिपय योजनाको नापी कितावमा प्राविधिक कर्मचारी तथा स्वीकृत गर्नेको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापी किताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी र उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो ।

१०१.६ उपभोक्ता समितिहरु गठन बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

१०१.७ **अनुगमन समितिः** उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विवरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

१०१.८ **म्यादथपः** पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना आएको छैन भन्न सकिने अवस्था देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

१०१.९ **आयोजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वियन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१०१.१ **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : ऐरावती गाउँपालिका, प्युठान , ऐरावती गाउँपालिका , प्यूठान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | हिमलाल विश्वकर्मा | २०८०-५-११ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | हिरा लाल भण्डारी | २०७७-४-१ | २०८०-५-६ |
| लेखा प्रमुख | राम वहादुर वस्नेत | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ११,८११,१७६.५५ | ४३,२४०,४९९.४७ | ३,२७८,९९२ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५८,३३०,६६८.०२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ११,३६८,३१६.५५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४६,९६२,३५१.४७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५८५९०९०७.५७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४७१६४५७३६ | चालु खर्च | ३८७६४२९८८ |
| प्रदेश सरकारबाट अनुदान | १७००६२५७ | पूँजीगत खर्च | २३५०९३६२०.०४ |
| राजश्व बाँडफाँट | ८०४७१८६२ | वित्तीय/अन्य व्यवस्था | ०.० |
| आन्तरिक आय | ५७४८४८२.७१ | | |
| अन्य आय | १६७४२३९५.२ | | |
| कुल आय | ५९१६१४७३२.९१ | कुल खर्च | ६२२७३६६०८.०४ |
| बाँकी मौज्दात | | २७४६९०३२.४४ | |

## बेरूजु दफा ४६ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| वडा तथा जिम्मेवारी पदाधिकारी | राजस्व संकलन भएको अवधि | राजस्व दाखिला मिति | राजस्व रकम |
|---|---|---|---|
| वडा नं १<br>शितल सुवेदी | साउन | | |
| | भदौ | २०८०।५।१३ | १९२०५।- |
| | असोज | २०८०।६।३० | २६३९६.९१।- |
| | कार्तिक | २०८०।७।२ | ४३०३४।- |
| | मंसिर | २०८०।८।५ | १४३११।- |
| | पुष | २०८०।९।६ | २४६६९।- |
| | माघ | २०८०।१०।४ | १६७९४।- |
| | फागुन | २०८०।११।१ | १५७६३।- |
| | चैत | २०८०।१२।४ | १६६६८।- |
| | बैशाख | २०८१।१।१ | १५८१०।- |
| | जेष्ठ | २०८१।२।४ | २२३८२।- |
| | असार | २०८१।३।४<br>२०८०।३।३० | १२४८८७।–<br>७९५३८।- |
| | | जम्मा | ४१९४५७.९१।- |
| वडा नं. २<br>कृष्ण जि सी | साउन | | |
| | भदौ | २०८०।५।५ | २१९५२।- |
| | असोज | २०८०।६।५ | १९३११।- |
| | कार्तिक | २०८०।७।१ | १७२०७।- |
| | मंसिर | २०८०।८।६ | १४२०८।- |
| | पुष | २०८०।९।३ | ३२५४४।- |
| | माघ | २०८०।१०।८ | २५९६०।- |
| | फागुन | २०८०।११।९ | २५९६१।- |
| | चैत | २०८०।१२।२ | २५३९६।- |
| | बैशाख | २०८१।१।१२ | २३६७८।- |

| | | | |
|---|---|---|---|
| | जेष्ठ | २०८१।२।२ | २१९९५।- |
| | असार | २०८१।३।३० | ३९५२०।- |
| | | जम्मा | २६७७३२।- |
| वडा नं ३<br>लिलामणी सुनार<br>सोभाराम उपाध्यायले | साउन | | |
| | भदौ | | |
| | असोज | २०८०।६।७ | १४४१९०।- |
| | कार्तिक | २०८०।७।१३ | ४८४०।- |
| | मंसिर | २०८०।८।५ | ११३२२।- |
| | पुष | २०८०।९।५ | १६७५१।- |
| | माघ | २०८०।१०।४ | १२६०२।- |
| | फागुन | २०८०।११।२ | ९९८१।- |
| | चैत | २०८०।१२।४ | संकलन १९५६७।-<br>दाखिला १७३२८।–<br>कमदाखिला२२३९।- |
| | बैशाख | २०८१।१।३ | ११५५०।- |
| | जेष्ठ | २०८१।२।२ | १६५८०।- |
| | असार | २०८१।३।२<br>२०८०।३।३० | १२९४०।–<br>१९८०५।- |
| | | जम्मा | २७७८८९।- |
| वडा नं. ४<br>भोजबहादुर भण्डारी | साउन | | |
| | भदौ | | |
| | असोज | | |
| | कार्तिक | २०८०।७।१९ | ६४०५५।- |
| | मंसिर | | |
| | पुष | २०८०।९।६ | ३९५४७।- |
| | माघ | | |

| | | | |
|---|---|---|---|
| | फागुन | २०८०।११।६ | ४३५७१।- |
| | चैत | २०८०।१२।१ | २३६९२।- |
| | बैशाख | २०८१।१।९ | १७९८७।- |
| | जेष्ठ | २०८१।२।३ | ३५२७३।- |
| | असार | २०८१।३।४<br>२०८१।३।३१ | ३८०५५।–<br>७५३२२।- |
| | | जम्मा | ३३७५०२।- |
| वडा नं. ५<br>सोभाराम उपाध्याय<br>असोजसम्मको राजस्व लिलामणीले दाखिला गरेको | साउन | | |
| | भदौ | २०८०।५।३ | ७०३७९।- |
| | असोज | २०८०।६।१२ | ४१३७५।- |
| | कार्तिक | | |
| | मंसिर | | |
| | पुष | २०८०।९।४ | १००६१०।- |
| | माघ | | |
| | फागुन | | |
| | चैत | २०८०।१२।१९ | ४५४४४ |
| | बैशाख | | |
| | जेष्ठ | | |
| | असार | २०८१।३।२८ | १२६९०५ |
| | | जम्मा | ३८४७१३।- |
| वडा ६<br>प्रकाश वि क | साउन | | |
| | भदौ | २०८०।५।५ | ७०९५५.४४।- |
| | असोज | २०८०।६।७ | २५४६३।- |
| | कार्तिक | २०८०।७।१३ | २२३०६।- |

| | | | |
|---|---|---|---|
| | मंसिर | २०८०।८।६ | १८४५७।- |
| | पुष | २०८०।९।५ | १९२४२।- |
| | माघ | २०८०।१०।७ | २०९७८।- |
| | फागुन | २०८०।११।११ | २६१००।- |
| | चैत | २०८०।१२।२ | १३१४५।- |
| | बैशाख | २०८१।१।९ | ३५०५०।- |
| | जेष्ठ | २०८१।२।१६ | २०७७७।- |
| | असार | २०८०।३।५<br>२०८०।३।३० | २२७१७।–<br>११३१२।- |
| | | जम्मा | ३०६५०२.४४ |

## बेरूजु दफा ५७ सँग सम्बन्धित विवरण - अनुसूची -४

| सि. नं. | गोभौनं | निर्माणब्यावसायि | निर्माणकार्य | जम्माभुक्तानीरकम |
|---|---|---|---|---|
| १ | १६२/२०८१/०१/०२ | Om Gyani Nirman Sewa | Dabar Belbot Road Construction | ९४७८५२.०० |
| २ | २३७/२०८१/०३/०२ | Third Floor Construction | वावासकार्तिकेअधुरो,बिटाले,सिस्नेअधुरोमोटरबाटोनिर्माणवडान.२ | ९२३६३४.०० |
| ३ | १८१/२०८१/०१/२७ | Youg US Builders | चाउरेडाँडाकृषिसडकनिर्माण, वन्जाडेमान्द्रेसडकस्तरउन्नतीतल्लोमान्द्रेवस्तीसंरक्षणवडान.१ | ९२५८९२.०० |
| ४ | १७/२०८१/०३/२४ | Santosh Construction Nirman Sewa | पकलास्वास्थ्यचौकीसरक्षणवडान.३ | ९४२२९०.०० |
| **जम्मा** | | | | **३७३९६६८।–** |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन।आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।